# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषा विषयले २०२८ सालपछि अनिवार्य पाठ्यांशका रुपमा मान्यता पाएर यहाँसम्म आइपुगेको हो । "त्रिभुवन विश्वविद्यालयले २०४२ सालदेखि शिक्षाशास्त्र संकायको स्नातकोत्तर तहमा शोध अध्ययनलाई ऐच्छिक विषयका रुपमा लिन पाउने व्यवस्था गरेपछि भाषिक अनुसन्धानले संस्थागत मान्यता पाएको देखिन्छ ।" यसरी शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तहको नेपाली शिक्षा विषयको पठनपाठन सुरु भएपछि सोही शैक्षिक प्रयोजनको लागि भाषा शिक्षण सम्बन्धि अनुसन्धान कार्यको आरम्भ भएको पाइन्छ ।

नेपाली भाषा शिक्षणका क्षेत्रमा नयाँ नयाँ ज्ञान र धारणाको विकास गराउन यसले सहयोग पुर्याइरहेको हुन्छ । राष्ट्रिय परम्परा संस्कृति ,सम्पदा र लोकतान्त्रिक म%ल्यसँग परिचित,देशको आर्थिक विकास योगदान दिन सक्ने,दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्ने उद्देश्यअनुरुपविद्यालय तहका पाठ्क्रम परिमार्जन गर्ने प्रकृया रहिआएको छ देशको बहु सांस्कृतिक र लोकतान्त्रिक मूल्य र मान्यताप्रति गर्व गर्ने, रचनात्मक ज्ञान सिपको विकास गर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय चुनौतीको सामना गर्न सक्ने, समालोचनात्मा सोचाइ र विश्लेषणात्मक सिपको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास पाठ्क्रमको आवश्यकता हो। शिक्षाको मुल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संर्वधन गर्ने, अधिकार र कर्तव्यको पालनासहित सम्मान गर्ने,सामाजिक र प्रकृतिक वातावरणप्रति सचेत भई मानविय मुल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । भाषिक,तार्किक तथा व्यावहारिक गणितीय सिप विकास,सूचना प्रविधिको प्रयोग,खोज तथा अनुसन्धानको उपयोग,नैतिक र असल सामाजिक व्यावहारको विकास,कला संस्कृतिको संरक्षण एवम् संर्वधन,प्राकृतिक एवम् दैविक प्रकापप्रति सचेत रही जोखिम न्युनीकरण गर्न सक्षम जनसक्ति उत्पादन माध्यमिक शिक्षाका आधाभुत पक्ष हुन । यिनै पक्षका आधारमा विद्यालतहका पाठय्क्रमलाई आकाङ्क्षा एवम् देशको परिवर्तित सन्दर्भअनुकूल सक्षमतामा आधारित बनाउन माध्यमिक शिक्षा पाठ्यक्रम,२०६४ लाई परिर्वतन गरी माध्यमिक शिक्षा पाठयक्रम,२०७१ विकास गरिएको हो। विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६४ परिमार्जित संस्करण (२०७१ समेत) को मूलमर्मलाई दिष्टिगत गरी शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक तथा शिक्षा सम्बद्ध संघसंस्था र सरोकारवालाहरुका

सुझावहरुलाई समेटी मौजुदा पाठ्यक्रमका उद्देश्य र विषयक्षेत्रहरुको समायोजन तथा समसामयिक परिमार्जनसहित कक्षा ९ र १० का लागि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरिएको छ । यस कार्यमा सरोकारवालाहरु, शिक्षाविद् तथा पाठ्यक्रम विकास केन्द्रका विशेषज्ञहरुको विशेष भुमिका रहेको छ । नेपाल सरकार ( वि.स.२०७१),सानोठिमी,भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रमका उद्देश्य परिपूर्तिका लागि पाठ्यपुस्तक निर्माण गरी व्यावहारिक रुपमा कक्षा कोठामा प्रस्तुत गरिएको हुन्छ । मूलतः भाषा शिक्षणका मुख्य उद्देश्य सुनाइ,बोलाइ,पढाइ,लेखाइ जस्ता भाषिक सिप विकास गर्नु हो । सोही उद्देश्य पूर्तिका लागि कक्षा १० का नेपाली पुस्तक २०६४ र परिमार्जित २०७४ निर्माण भएका हुन् । यस सन्दर्भमा भाषा पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासहरुले भाषिक सिप विकासमा महत्वपूर्ण भुमिका निर्वाह गरेको हुन्छ ।

नेपाली भाषा शिक्षणका क्षेत्रमा गरिने विभिन्न अनुसन्धानका क्षेत्रहरूमध्ये पाठ्यपुस्तक विश्लेषण विधा अन्तर्गत भाषापाठ्यपुस्तकका अन्त्यमा दिइएका अभ्यासहरूलाई पनि आधार बनाउन सकिन्छ । भाषिक सिप विकासका लागि भाषा पाठ्यपुस्तकमा धेरै कुराहरूको समायोजन हुनुपर्ने हुन्छ । त्यस भित्र पर्ने अभ्यासहरू भाषिक सिप विकासका दृष्टिले उपयुक्त भए भने मात्र नेपाली भाषा पाठ्यपुस्तक सान्दर्भिक बन्न पुग्दछ । समय र परिस्थिति अनुसार पाठ्यक्रम र पाठ्यपुस्तकहरू परिवर्तन हुँदै आइरहेका सन्दर्भमा विद्यालय तहको कक्षा १० सम्मका पाठ्यपुस्तकहरू क्रमबद्ध रुपमा परिवर्तन गराई देशभरी लागु गरिएको छ । कक्षा १-८ र कक्षा ९-१० पाठ्यक्रमबिचको तहगत सङ्गति कायम गर्न माध्यमिक तह (कक्षा ९-१०) पाठ्यक्रम परिमार्जन गरिएको छ। यसै आधारमा यस अध्ययनमा कक्षा १० को नेपाली किताब २०६४ र २०७४ मा रहेका अभ्यासहरूको तुलनात्मक अध्ययन गर्ने कार्यलाई यस शोधको विषयवस्तु बनाइएको छ ।

## १.२. समस्याको कथन

प्रस्तुत अध्ययन निम्न लिखित समस्यामा केन्द्रित छ ।

(क) विधागत आधारमा नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७४ बिच समानता छ <

(ख) भाषिक सिपगत आधारमा नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७४ बिच समानता छ <

(ग) तहगत आधारमा नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७४ बिच समानता छ <

## १.३ अध्ययनको औचित्य

शिक्षा क्षेत्रमा आएको नवीनतम परिवर्तनसँगसँगै देशको आवश्यकता, सिकारुको रूचि, क्षमता र स्तरलाई ख्याल गर्दै पाठ्यपुस्तकहरू पनि परिवर्तन एवम् परिमार्जन हुँदै आइरहेका छन् । यसै सन्दर्भमा नेपाली भाषा पाठ्यक्रम एवम् भाषा पाठ्यपुस्तक पनि परिवर्तन भएका छन् । माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा ९-१० (२०७१) अनुसार तयार पारिएको कक्षा १० को नेपाली (पहिलो संस्करण २०७४) भाषा पाठ्यपुस्तकलाई देशका विभिन्न विद्यालयहरूमा परीक्षण गरी प्राप्त सुझावहरूका आधारमा पुनः परिष्कार गरी देशव्यापी रूपमा वि.सं. २०७४ सालबाट कार्यान्वयनमा ल्याइएको छ । यस आधारबाट हेर्दा नेपाली कक्षा ९ र १० को २०६४ र २०७४ मा प्रयुक्त अभ्यासहरूको तुलनात्मक अध्ययन गर्ने कार्य अनुसन्धानका क्षेत्रमा नवीन र उपयोगी हुने देखिन्छ । यो अध्ययन भाषा शिक्षणका विभिन्न पक्षमा महत्त्वपूर्ण हुन जान्छ । यसले दुई पाठ्यसामग्रीमा राखिएका अभ्यासहरूमध्ये कुन चाहिँ पाठ्यक्रमको मर्म र भावनाअनुसार बढी उपयोगी, सान्दर्भिक र समसामयिक छन् भन्ने तथ्य पत्ता लगाउन सहयोग गर्दछ । प्रस्तुत शोधबाट विशेष गरी शिक्षक तथा विद्यार्थी दुबैका लागि भाषिक कौशल प्राप्त गर्ने तरिकाबारे जानकारी लिन सहयोग पुग्दछ । भाषा पाठ्यपुस्तक एवम् पाठ्यक्रम निर्माताहरूलाई अभ्यासको सान्दर्भिकता र समयसापेक्षताको बारेमा सूचना प्राप्त गर्न र अभ्यासहरूको छनोट तथा स्तरण गर्ने कार्यमा पनि सहयोग हुन्छ । दुबै पाठ्यपुस्तकमा भएका अभ्यासहरूका सबल र दुर्बल पक्षहरू छुट्याइने भएकाले सहज शिक्षण एवम् अध्ययनमा शिक्षक र विद्यार्थी दुबैका लागि उपयोगी बन्छ । अभ्यासहरूको सान्दर्भिकता, पाठ्यक्रम अनुरूपता र उपयोगिताको खोजी गरिने भएकाले पाठ्यपुस्तक लेखक, नेपाली भाषा शिक्षक सरोकारवाला व्यक्ति तथा संस्थाका लागि पनि यो शोध सहयोगी साधन बन्छ । शिक्षक र विद्यार्थी दुबैका लागि उपयुक्त शैक्षिक सामग्री छनोट गरी निर्माण गर्न तथा यस अध्ययनसँग सम्बन्धित विषय वा शीर्षकमा शोध कार्य गर्न चाहने शोधार्थीलाई सामग्री सङ्कलन गर्न पनि सहयोग पुग्छ ।

## १.४ अध्ययनका उद्देश्य :

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) विधागत आधारमा नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७४ बिच तुलनात्मक अध्ययन गर्नु ।

(ख) भाषिक सिपगत आधारमा नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७४ बिच तुलनात्मक अध्ययन गर्नु ।

(ग) तहगत आधारमा नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७४ बिच तुलनात्मक अध्ययन गर्नु ।

## १.५ अध्ययनको परिसीमा

कुनै पनि अध्ययन अनुसन्धानलाई तथ्यपूर्ण र वस्तुगत बनाउन सीमाङ्कन गर्नु महत्वपूर्ण कार्य भएकाले यस अनुसन्धानमा निम्नानुसार सीमाङ्कन गरिएको छ ।

(क)प्रस्तुत अध्ययन पाठ्यक्रम विकास केन्द्र तथा जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित माध्यमिक पाठ्यक्रमद्वारा निर्देशित कक्षा १० को नेपाली पाठ्यपुस्तक २०६४ र २०७४ मा रहेका भाषिक सिप सम्बद्ध अभ्यासहरूको व्याख्या, विष्लेषण तथा तुलनामा मात्र सीमित रहेको छ ।

(ख)यस अध्ययनमा अभ्यासको तुलना गर्दा प्रश्नका प्रकारहरू, भाषिक सिप विकासको महत्व तथा ज्ञान, बोध र प्रयोग तहका प्रश्नहरूको वितरण, शब्दभण्डार को पर्याप्तता जस्ता विभिन्न पक्षका प्रश्नहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

# अध्याय दुई

# पूर्व कार्यको समीक्षा र धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा :

आफूले शोध गर्ने विषयसँग सम्बन्धित विषयहरूमा अग्रजहरूले गरेका अनुसन्धान कार्यहरूले उक्त विषयमा अध्ययन गर्न सरलता ल्याउनुका साथै सही गोरेटो पहिल्याउन समेत मद्दत गर्छ।"भइसकेका कामहरूमध्ये कुन कुन कामहरू गर्न लागिएका शोधकार्यका लागि महत्वपूर्ण सूचना बन्न सक्छन् र कुन कुन कामहरू चाहिँ काममा आउँदैनन् तिनको निर्क्यौल पनि गर्नुपर्ने हुनाले यस सन्दर्भमा पूर्वकार्यको समिक्षा भन्नु यथोचित ठानिएको हो" (चापागाइँ २०६९: पृ २५ )। नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिने अभ्यासहरूको तुलना र विश्लेषणका सन्दर्भमा विभिन्न समयमा फरक फरक तह र कक्षामा भएका अध्ययन अनुसन्धानहरूको समीक्षा गर्नु यस अध्ययनलाई सहयोग पुर्‍याउने महत्वपूर्ण उपाय हो । यी कुराहरूलाई मध्यनजर राख्दै यस शोध कार्यमा सम्बन्धित विषयमा भएका पूर्वकार्यहरूको समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ ।

ढुङ्गाना, इन्द्रमणी (२०७१) द्वारा आफ्नो स्नातकोत्तर उपाधिका निम्ति 'कक्षा ८ को हाम्रो नेपाली र नेपाली किताबमा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधमा दुई पाठ्यपुस्तकहरूमा समाविष्ट अभ्यासहरूका विभिन्न पक्षहरूको विश्लेषण गरिएको छ । पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको प्रस्तुत शोधमा तुलनात्मक एवम् वर्णनात्मक विधिबाट तथ्याङ्कको विश्लेषण गरिएको छ । व्याकरणात्मक सिपका लागि प्रयोगात्मक अभ्यासका साथै बोधगत र सिर्जनात्मक अभ्यासलाई समेत ध्यान दिनुपर्ने, भाषा शिक्षणलाई क्रियाकलापमुखी बनाउन अभ्यासको छनोट र स्तरणको पक्षलाई विशेष ध्यान दिन नसकिएको, हाम्रो नेपालीमा भन्दा नेपालीमा भाषिक सिपतर्फ उन्मुख अभ्यासहरू समावेश गरिएको र विद्यार्थीको उमेर र स्तरलाई ख्याल गरी अभ्यासहरू छनोट गरिएको आदि निष्कर्षहरू प्रस्तुत गरिएको छ ।

भण्डारी, रुकमिणी (२०७४) को कक्षा ९ को 'नेपाली किताब २०६४ र २०७४ मा समाविष्ट अभ्यासहरुका तुलनात्मक अध्ययन' पनि यस शोध कार्यको लागि अत्यन्त उपयोगी र पुर्ण सहयोगी हुने देखिन्छ। उनको शोधकार्यमा २०६४ को तुलनामा २०७४ मा कठिन शब्दहरुको पुनरावृतिमा देखिएका त्रुटिहरुमा न्युनिकरण, भाषिक सिप विकासका निम्ति सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सिपलाई अलग अलग राखी भाषिक सिप विकासमा विशेष जोड, सङ्ख्यात्मक दृष्टिले प्रश्न सङ्ख्यामा पर्याप्तता, सुनाइ र बोलाइ सिप विकासमा तुलनात्मक रुपमा विशेष जोड, अभ्यासमा विविधता तथा भाषिक सिपमा समानुपातिक रुपमा विकास जस्ता निष्कर्षहरु प्रस्तुत गरिएको पाइन्छ ।

त्यसै गरी दहाल, विष्णु (२०७२) द्वारा आफ्नो स्नातकोत्तर उपाधिका निम्ति 'कक्षा ७ को हाम्रो नेपाली किताब र नेपाली किताबमा समाविष्ट अभ्यासहरूको

तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ। उक्त शोधमा दुई पाठ्यपुस्तकहरूमा समाविष्ट अभ्यासहरूका विभिन्न पक्षहरूको विश्लेषण गरिएको छ।

अधिकारी, कोमल (२०६६) द्वारा पनि आफ्नो स्नातकोत्तर उपाधिका निम्ति कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरुको अध्ययन शीर्षकमा शोध कार्य गरिएको छ। उक्त शोधकार्यमा अभ्यासमा रहेका विधागत भाषिक सिपगत प्रश्नहरुको अध्ययन विष्लेशण तथा निष्कर्ष प्रस्तुत गरिएको छ।

अधिकारी, सविता (२०६५), द्वारा आफ्नो स्नातकोत्तर उपाधिका निम्ति 'मेरो नेपाली किताब कक्षा ३ को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरुको विष्लेशणात्मक अध्ययन' शीर्षकमा शोध कार्य गरिएको छ। उक्त शोधकार्यमा अभ्यासमा रहेका शब्दभण्डार विधागत तथा भाषिक सिपगत प्रश्नहरुको अध्ययन विष्लेशण तथा निष्कर्ष प्रस्तुत गरिएको छ।

माथि उल्लेख गरिएका अभ्यासको तुलनात्मक अध्ययनसँग सम्बन्धित शोध र अन्य अध्ययनहरूबाट अभ्याससँग सम्बन्धित अध्ययनहरू थोरबहुत हुदैगरेको यथार्थ बुझ्न सकिन्छ। सबै अनुसन्धान कर्ताहरूले एउटै र मिल्दाजुल्दा विषयमा फरक फरक कोणबाट अध्ययन अनुसन्धान गर्ने कार्य भने गरेकै छन्। अभ्यासहरूको तुलनात्मक अध्ययन सम्बन्धी कार्यले पाठ्यक्रम र पाठ्यपुस्तकको परिस्कार र परिमार्जन कार्य गर्न समेत महत्वपूर्ण योगदान पुर्‍याउने कुरा बुझ्न सकिन्छ। अभ्यास सम्बन्धि यी विभिन्न प्रकारका अनुसन्धानहरू भए पनि पर्याप्त र पूर्ण भने हुन सकेको देखिदैन। अनुसन्धानबाट खारिएर आएका परिमार्जित भाषा पाठ्यपुस्तकका अभ्यासहरू त्रुटिरहित भएमा मात्र सबल पाठ्यपुस्तक बन्न सक्छ। यस शोध कार्यमा हालसम्म भएको अध्ययन अनुसन्धानलाई अझ विस्तृत पार्दै 'कक्षा १० का नेपाली पा.पु.२०६४ र २०७४ मा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन' गर्ने कार्य गरिएको छ। यस कार्यले पाठ्यपुस्तक लेखक अनुसन्धानकर्ता र सरोकारवाला व्यक्ति वा संस्थाहरूलाई सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

## २.२ पूर्वकार्यको समीक्षाको उपयोगिता

कुनै पनि अध्ययन गर्नु भन्दा पहिले त्यस अध्ययनसँग सम्बन्धित र सहयोगी हुने किसिमका पूर्व कार्यहरूको समीक्षा गर्नु आवश्यक हुन्छ । आफूले अध्ययन गर्न लागेको विषयसँग सम्बन्धित सन्दर्भग्रन्थहरू, शोध कार्यहरू र अन्य सामग्रीको समीक्षा गर्दा आफ्नो अध्ययनलाई सरल रुपमा अघि बढाउन र के कति काम बाँकी छन् ? के कति भइसकेका छन् ? भन्ने कुरा थाहा पाउन सकिन्छ ।

पूर्वकार्यको समीक्षामा पूर्व कार्य गर्ने व्यक्तिले आफूले चयन गरेको शोधशीर्षक सँग सम्बन्धित विषयमा कुन प्रयोजनले कुन पद्दति वा विधि अपनाएर के कति काम गरेको छ ? उक्त कार्य आफ्नो शोध कार्यको प्रयोजन र प्रकृति सँग के कति मिल्दो छ ? त्यस विषयमा गर्न बाँकी चुनौतिका कामहरू के के छन् ? त्यस क्षेत्रमा अब कुन कुन प्रश्न र चुनौतिहरू विद्यमान छन् ? भन्ने कुरा निक्यौल गर्न सकिन्छ । पूर्वकार्यको समीक्षाले आफ्नो अध्ययन अनुसन्धानलाई तथ्यपूर्ण बनाउनुका साथै त्रुटिविहिन र आलोचनारहित बनाउन सहयोग पुर्‍याउँछ । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई समस्याको विशिष्टिकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा परिभाषीकरण गर्न, प्राक्कल्पना निर्माण गर्न, पुनरावृत्तिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, चुरो कुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न र शोधको आवश्यकता बोध गराउन सहयोग पुर्‍याउँछ ।


अभ्याससँग सम्बन्धित विभिन्न कक्षा र तहका पाठ्यपुस्तकमा रहेका तुलना, विश्लेषण र सैद्धान्तिक पक्षहरूमा भएका पूर्वकार्यको समीक्षा गरिएको छ । पाठ्यपुस्तक विश्लेषण अन्तर्गत पर्ने अभ्यास सम्बन्धि अनुसन्धान गर्ने यस भन्दा अघिका अनुसन्धानकर्ताले कक्षा १० को नेपाली पाठ्यपुस्तक २०६४ मा समावेश अभ्यास सँग सम्बन्धित केही कार्य गरेको पाइएता पनि २०७४ संग सम्बन्धित कार्य हाल सम्म नभएको हुँदा कक्षा १० को नेपाली २०६४ र २०७४ मा समावेश अभ्यासको तुलनात्मक अध्ययन कार्यलाइ अगाडि बढाउन पूर्वकार्यको समीक्षाले सहयोग पुर्‍याउने छ । यी पूर्वकार्यहरूले यो अध्ययन गर्नकालागि बाँकी कामहरू र अगाडि भएका कामहरूको जानकारी सहज रुपमा प्राप्त हुने छ । कक्षा ६, ७, ८, ९ र १० का फरक फरक समयममा गरिएका अभ्यास सम्बन्धी अनुसन्धानहरूका सन्दर्भमा गरिएका पूर्वकार्यको समीक्षाले यस अनुसन्धानलाई अगाडि बढाउने बाटो निर्माण गर्ने छ । अभ्यासका सन्दर्भमा यसअघि

भएका कामहरू कुन प्रक्रियामा भए ?ती कार्यहरू गर्दा कुन कुन सामग्री र विधिको प्रयोग भयो भन्ने कुरा थाहा पाइनुका साथै अब कुन प्रक्रिया, विधि र सामग्री प्रयोग गरे अझ प्रभावकारी ढंगले आफ्नो अनुसन्धान गर्न सकिन्छ भन्ने कुराको मार्ग निर्देशन माथि गरिएका पूर्वकार्यको समीक्षाले गरेको छ ।

कक्षा १० मा हाल सम्म हाम्रो नेपाली किताब को अध्ययन विश्लेषण भएको तर परिवर्तित पुस्तकका कुनै पक्षको विश्लेषण र तुलना नभएको तथ्य पत्ता लगाई बाँकी काममा अगाडि बढ्ने मार्ग निर्देश पूवकार्यहरूको समीक्षाले गर्छ । यसरी विविध महत्व बोकेको हुनाले शोधकार्यमा पूर्वकार्यको समीक्षा गर्नु अनिवार्य कार्य हो ।

पूर्वकार्यको समीक्षा गरेर अघि बढेमा मात्र आफ्नो अध्ययनलाई वस्तुगत , सत्य र तथ्यपूर्ण बनाउन सहयोग पुग्छ । यस अध्ययनमा पनि अगाडि विविध विषयमा भएका पूर्वकार्यको समीक्षाले  अभ्यासको तुलनात्मक अध्ययनलाई प्रभावकारी र व्यवस्थित बनाउन सहयोग पुर्‍याएको छ।

## २.३ अवधारणात्मक ढाँचा




स्रोत M रुक्मिणी भण्डारी (सुकुना बहुमुखी क्याम्पस)

# अध्याय : ३

## ३.१ अध्ययनको संरचना

अनुसन्धान कार्य वैज्ञानिक अध्ययन भएकाले यसमा तथ्यमा आधारित अध्ययन, विश्लेषण तथा निरीक्षण गरिने छ । यस शोधकार्यका लागि पुस्तकालयीय, तुलनात्मक र वर्णनात्मक विधि अवलम्बन गरी कक्षा १० का **नेपाली** पा. पु. २०६४ र २०७४ मा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिने छ । प्रस्तुत शोधमा अभ्यासको गुणात्मक पक्षको अध्ययन गरिएको छ । यो तुलनात्मक अध्ययन वर्णनात्मक ढाँचामा आधारित भएकाले सर्वप्रथम दुई पाठ्यपुस्तकहरूमा रहेका अभ्याससँग सम्बन्धित पक्षको समस्याहरूलाई पहिचान गरी उद्देश्यहरू निर्धारण गरिएका छन् । लक्ष्य प्राप्तिसम्म पुग्नका लागि छनोट गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । तत्पश्चात् मात्र प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ र अन्त्यमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

माथि उल्लेख गरिएका कार्यहरू पूरा गर्नका लागि सङ्गठन, वर्गीकरण, तालिकीकरण, प्रतिशताङ्क, अर्थापन, वर्णन आदि प्रक्रियाद्वारा प्रतिवेदनको ढाँचामा पुगिएको छ।

## ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत शोधमा अध्ययनको विषयवस्तु कक्षा १० का नेपाली पा. पु. २०६४ र २०७४ मा समाविष्ट अभ्यासको तुलनात्मक अध्ययन भएकाले कक्षा १० का नेपाली पा. पु. २०६४ र२०७४ भित्र रहेका अभ्यासहरू नै जनसङ्ख्या अन्तर्गत रहेका छन् । यस अध्ययनलाई प्रभावकारी, व्यवस्थित र थप विश्वसनीय बनाउनका लागि दुबै पाठ्यपुस्तकका अभ्यासभित्र रहेका सबै प्रकारका केही प्रश्नहरूलाई को रूपमा छनोट गरिएको छ ।

## ३.३ नमुना छनोट प्रक्रिया

प्रस्तुत शोधकार्यमा यादृच्छिक छनोट र कोटा छनोट विधिमार्फत छनोट गरिएको छ । दुबै पाठ्यपुस्तकबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपसँग सम्बन्धित उच्चारण गर्ने, सस्वर वाचन गर्ने, श्रुतिलेखन गर्ने, शब्दभण्डार सम्बन्धी अभ्यास, खाली ठाउँ भर्ने, सङ्क्षिप्त उत्तरात्मक, व्याख्यात्मक, विवेचनात्मक र अर्थ पहिचान एवम् वाक्य प्रयोग सम्बन्धी केही अभ्यासहरूलाई का रूपमा छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन

यस अध्ययनमा छनोट गरिएका विषयवस्तु भित्र रहेर भाषिक सिप संग सम्बन्धित (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) तथा शब्दभण्डार जस्ता पक्षहरूको विश्लेषण र तुलनाको लागि वर्णनात्मक ढाँचाको प्रयोग गरी पुस्तकालयीय विधिबाट अनुसन्धान गरिएको छ । त्यसै गरी प्राथमिक श्रोतको रुपमा विभिन्न जानकार व्यक्तिहरुका सुझाव सल्लाह तथा द्वितीय श्रोतका रुपमा प्रकाशित तथा अप्रकाशित पुस्तकहरु र शोधपत्रहरु लिई साङ्ख्यिकरण, तालिकीकरण र प्रतिशताङ्कको तुलना र विश्लेषण गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धानात्मक विषयवस्तुहरूको गहन अध्ययन गरी त्यसका लागि आवश्यक तथ्याङ्क सङ्कलन पुस्तकालयीय अध्ययन र विज्ञहरूसँगको परामर्शबाट गरिएको छ । पाठ्यपुस्तकको गहन अध्ययन गरी विभिन्न सन्दर्भ सामग्रीको सहायताले अभ्यासहरूको वर्गीकरण सहितको तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

यो अध्ययन गुणात्मक र परिमाणात्मक भएकाले तालिका र प्रतिशताङ्क प्रयोग गरी विश्लेषण गरिएको छ । सङ्ख्या र प्रतिशताङ्क प्रयोग गरी वर्णनात्मक र व्याख्यात्मक विधिको माध्यमबाट अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ । पाठ्यपुस्तकमा भएका अभ्यासहरूको फरक फरक ज्ञान र सिपका दृष्टिले सङ्ख्यात्मक डाटा सङ्कलन गरेपछि त्यसलाई तालिकीकरण र प्रतिशतको माध्यमबाट विश्लेषण र तुलना गरिएको छ ।

# अध्याय चारः नतिजा / परिणाम र छलफल

## ४.१ नतिजा/परिणामः

प्रस्तुत सोधप्रतिवेदनमा पुस्तकालय विधिमा आधारित रही कक्षा १० का नेपाली पा.पु. २०६४ र २०७४ मा समाविष्ट अभ्यासका प्रश्नहरुका परिणामहरुलाई विधागत विविधता, भाषिक सिप विविधता तथा शब्दभण्डारगत विविधताका आधारमा तालिकाबद्धरुपमा निम्नानुसार वर्गीकरण गरिएको छ ।

**पाठ शीर्षकगत नमुना अभ्यासहरुको वर्गीकरण**

क. ज्ञानात्मक

ख. बोधात्मक

ग. प्रयोगात्मक

घ. उच्च तह

**विधागत विविधताका आधारमा प्रश्नहरुको वर्गीकरणः**

क. ज्ञानात्मक

ख. बोधात्मक

ग. प्रयोगात्मक

घ. उच्च तह

**भाषिक सिपगत आधारमा प्रश्नहरुको वर्गीकरणः**

क. सुनाइ

ख. बोलाइ

ग. पढाइ

घ. लेखाइ

ङ. सुनाइ + बोलाइ

च. बोलाइ + लेखाइ

छ. पढाइ + लेखाइ

ज. बोलाइ + पढाइ

झ. सुनाइ + लेखाइ

**शब्दभण्डारगत विविधताका आधारमा प्रश्नहरुको वर्गीकरणः**

क. पर्यायवाची शब्दहरु

ख. विपरीतार्थक शब्दहरु

ग. अनेकार्थी शब्दहरु

घ. श्रुतिसमभिनार्थी शब्दहरु

ङ. अनुकरणात्मक शब्दहरु

च. लघुतावाची शब्दहरु छ. प्राविधिक पारिभाषिक शब्दहरु

तलिका १

## नेपाली पा.पु.२०६४ मा समाविष्ट विविध विधाहरुमा आधारित पाठशीर्षकगत अभ्यासहरुको वर्गीकरण:

| क.स. | पाठशीर्षक | ज्ञानात्मक | बोधात्मक | प्रयोगात्मक | उच्च तहगत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्रश्नोत्तर | १ | २ | ३ | ३ | ९ |
| २ | कर्तव्य | १ | ३ | ५ | २ | ११ |
| ३ | जय भोलि | १ | ३ | ६ | ५ | १५ |
| ४ | जय पृथ्वीबहादुर सिंह | १ | ४ | ४ | ३ | १२ |
| ५ | काम खोज्दै जाँदा | ० | २ | ६ | २ | १० |
| ६ | वैशाख | २ | २ | ४ | ३ | ११ |
| ७ | दोषी चश्मा | १ | २ | ६ | ४ | १३ |
| ८ | मिथिला चित्रकला | १ | ३ | ७ | ३ | १४ |
| ९ | व्यापारिक चिठी | ० | १ | ३ | ५ | ९ |
| १० | इमानसिंह चेम्जोङ | १ | ३ | ४ | ४ | १२ |
| ११ | भाग्यभण्दा परिश्रम ठुलो | ३ | ० | ४ | ४ | ११ |
| १२ | सहिदहरुको सम्झनामा | ३ | २ | ५ | ३ | १३ |
| १३ | न्यायको पक्ष | १ | २ | ५ | ४ | १२ |
| १४ | यन्त्र मानव | १ | २ | ६ | ४ | १३ |
| १५ | घरको माया | १ | २ | ६ | १ | १० |
| १६ | नेल्शन मण्डेला | १ | ३ | ५ | ३ | १२ |
| | जम्मा | १९ | ३६ | ७९ | ५३ | १८७ |
| | प्रतिशत | १०.१६ | १९.२५ | ४२.२४ | २८.३४ | |

प्रस्तुत तालिका अनुरुप कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा जम्मा १६ ओटा पाठहरु रहेका छन् । जसमध्ये पहिलो पाठमा जम्मा ९ वटा प्रश्नहरु रहेका छन् । ती मध्ये ज्ञान तहका जम्मा १ वटा, बोध तहका २ वटा, प्रयोग तहका ३ वटा तथा उच्च तहका ३ वटा प्रश्नहरु समावेश भएका छन् । त्यसै गरी पाठ २ मा जम्मा ११ वटा प्रश्नहरुमध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ३, प्रयोग तहका ५ र उच्च तहका २ वटा प्रश्नहरु रहेका

छन्। त्यसै गरी पाठ ३ मा जम्मा १५ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ३, प्रयोग तहका ६ र उच्च तहका ५ वटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ४ मा जम्मा १२ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ४, प्रयोग तहका ४ र उच्च तहका ३ वटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ५ मा जम्मा १० ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका २, प्रयोग तहका ६ र उच्च तहका २ वटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ६ मा जम्मा ११ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा २ , बोध तहका २, प्रयोग तहका ४ र उच्च तहका ३ वटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ७ मा जम्मा १३ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका २, प्रयोग तहका ६ र उच्च तहका ४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ८ मा जम्मा १४ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ३, प्रयोग तहका ७ र उच्च तहका ३ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ९ मा जम्मा ९ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका १, प्रयोग तहका ३ र उच्च तहका ५ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १० मा जम्मा १२ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ३, प्रयोग तहका ४ र उच्च तहका ४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ११ मा जम्मा ११ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ३ , बोध तहका ०, प्रयोग तहका ४ र उच्च तहका ४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १२ मा जम्मा १३ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ३ , बोध तहका २, प्रयोग तहका ५ र उच्च तहका ३ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १३ मा जम्मा १२ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका २, प्रयोग तहका ५ र उच्च तहका ४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १४ मा जम्मा १३ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका २, प्रयोग तहका ६ र उच्च तहका ४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १५ मा जम्मा १० ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका २, प्रयोग तहका ६ र उच्च तहका १ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १६ मा जम्मा १२ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ३, प्रयोग तहका ५ र उच्च तहका ३ ओटा प्रश्नहरु रहेका छन् ।

समग्रमा जम्मा १८७ ओटा प्रश्नहरुमध्ये ज्ञान तहका जम्मा १९ ओटा प्रश्नहरु रहेका छन् जुन सम्पूर्ण प्रश्नको १०.१६ प्रतिशत रहेको छ । त्यसै गरी बोध तहका जम्मा ३६ ओटा प्रश्नहरु रहेका छन् जुन सम्पूर्ण प्रश्नको १९.२५ प्रतिशत रहेको छ । त्यसै गरी प्रयोग तहका जम्मा ७९ ओटा प्रश्नहरु रहेका छन् जुन सम्पूर्ण प्रश्नको ४२.२४ प्रतिशत रहेको छ र त्यसै गरी उच्च तहका जम्मा ५३ ओटा प्रश्नहरु रहेका छन् जुन सम्पूर्ण प्रश्नको २८.३४ प्रतिशत रहेको छ ।

यसरी हेर्दा कक्षा १० को पाठ्यपुस्तक २०६४ मा रहेका नमुना अभ्यासहरुमा सबै भन्दा बढी प्रयोगात्मक तहका प्रश्नहरु रहेको देखिन्छ भने सबै भन्दा कम ज्ञान तहको देखिन्छ

तलिका २

## नेपाली पा.पु.२०७४ मा समाविष्ट विविध विधाहरुमा आधारित पाठशीर्षकगत अभ्यासहरुको वर्गीकरण:

| क्र.स. | पाठशीर्षक | ज्ञानात्मक | बोधात्मक | प्रयोगात्मक | उच्च तहगत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जन्मभूमि | १ | ७ | ३ | ५ | १६ |
| २ | सन्तुष्टि | ० | ४ | ४ | ८ | १६ |
| ३ | सन्दुक रुइत | ० | ८ | ६ | ५ | १९ |
| ४ | थाङ्का | १ | ८ | ३ | ६ | १८ |
| ५ | म पनि सक्छु | ० | ८ | १ | ५ | १४ |
| ६ | व्यापारिक चिठी | २ | ५ | ४ | ८ | १९ |
| ७ | प्रत्यागमन | ० | ७ | ३ | ११ | २१ |
| ८ | बर्षा | ० | ८ | ५ | ६ | १९ |
| ९ | ह्मम्रो संस्कृति | ० | ४ | ३ | १० | १७ |
| १० | स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस | १ | ६ | १० | ८ | २५ |
| ११ | लक्ष्मी पूजा | १ | ७ | ६ | ५ | १९ |
| १२ | क्लारा जेटकिन | ० | ६ | ४ | ५ | १५ |
| १३ | जय भुँडी | ० | ४ | १० | ५ | १९ |
| १४ | म सडक बोल्दैछु | २ | ७ | ६ | ४ | १९ |
| १५ | टीका | १ | ५ | २ | ७ | १५ |
| १६ | माउजङ बाबुसाहेबको कोट | १ | ४ | ३ | ७ | १५ |
| | जम्मा | १० | ९८ | ७३ | १०५ | २८६ |
| | प्रतिशत | ३.४९ | ३४.२६ | २५.५२ | ३६.७१ | |

प्रस्तुत तालिका अनुरुप कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तक २०७४ मा जम्मा १६ ओटा पाठहरु रहेका छन् । जसमध्ये पहिलो पाठमा जम्मा १६ वटा प्रश्नहरु रहेका छन् । ती मध्ये ज्ञान तहका जम्मा १ वटा, बोध तहका ३ वटा, प्रयोग तहका ५ वटा तथा उच्च तहका ७ वटा प्रश्नहरु समावेश भएका छन् । त्यसै गरी पाठ २ मा जम्मा १६ वटा प्रश्नहरुमध्ये ज्ञान तहका जम्मा ० , बोध तहका ४, प्रयोग तहका ४ र उच्च तहका ८ वटा प्रश्नहरु रहेका छन्। त्यसै गरी पाठ ३ मा जम्मा १९ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका ८, प्रयोग तहका ६ र उच्च तहका ५ वटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ४ मा जम्मा १८ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ८, प्रयोग तहका ३ र उच्च तहका ६ वटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ५ मा जम्मा १३ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका ८, प्रयोग तहका १ र उच्च तहका ५ वटा

प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ६ मा जम्मा १९ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा २ , बोध तहका ५, प्रयोग तहका ४ र उच्च तहका ८ वटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ७ मा जम्मा २१ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका ७, प्रयोग तहका ३ र उच्च तहका ११ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ८ मा जम्मा १९ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका ८, प्रयोग तहका ५ र उच्च तहका ६ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ९ मा जम्मा १७ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका ४, प्रयोग तहका ३ र उच्च तहका १० ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १० मा जम्मा २५ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ६, प्रयोग तहका १० र उच्च तहका १८ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ ११ मा जम्मा १९ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ७, प्रयोग तहका ६ र उच्च तहका ५ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १२ मा जम्मा १५ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका ६, प्रयोग तहका ४ र उच्च तहका ५ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १३ मा जम्मा १९ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा ० , बोध तहका ४, प्रयोग तहका १० र उच्च तहका ५ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १४ मा जम्मा १९ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा २ , बोध तहका ७, प्रयोग तहका ६ र उच्च तहका ४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १५ मा जम्मा १५ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ५, प्रयोग तहका २ र उच्च तहका ७ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी पाठ १६ मा जम्मा १५ ओटा प्रश्नहरु मध्ये ज्ञान तहका जम्मा १ , बोध तहका ४, प्रयोग तहका ३ र उच्च तहका ठ ओटा प्रश्नहरु रहेका छन् ।

समग्रमा जम्मा २८६ ओटा प्रश्नहरुमध्ये ज्ञान तहका जम्मा १० ओटा प्रश्नहरु रहेका छन् जुन सम्पूर्ण प्रश्नको ३.५२ प्रतिशत रहेको छ । त्यसै गरी बोध तहका जम्मा ९६ ओटा प्रश्नहरु रहेका छन् जुन सम्पूर्ण प्रश्नको ३३.८ प्रतिशत रहेको छ । त्यसै गरी प्रयोग तहका जम्मा ७३ ओटा प्रश्नहरु रहेका छन् जुन सम्पूर्ण प्रश्नको २५.७ प्रतिशत रहेको छ र त्यसै गरी उच्च तहका जम्मा १०५ ओटा प्रश्नहरु रहेका छन् जुन सम्पूर्ण प्रश्नको ३६.९७ प्रतिशत रहेको छ ।

यसरी हेर्दा कक्षा १० को पाठ्यपुस्तक २०७४ मा रहेका नमुना अभ्यासहरुमा सबै भन्दा बढी उच्च तहका प्रश्नहरु रहेको देखिन्छ भने सबै भन्दा कम ज्ञान तहको देखिन्छ ।

तालिका ४.१.१ र ४.१.२ को तुलनात्मक रुपमा अध्ययन गर्दा २०६४ को अनुपातमा २०७४ को अभ्यासमा प्रश्न सङ्ख्याहरु बढी रहेको पाइन्छ । त्यसै गरी ज्ञान तहका प्रश्नहरुमा २०६४ मा बढी देखिन्छ भने २०७४ मा कम देखिन्छ । त्यसै गरी बोध तहका प्रश्नहरुमा २०६४ मा भन्दा २०७४ मा बढी देखिन्छ । त्यसै गरी प्रयोग तहका प्रश्नहरुमा २०६४ मा भन्दा २०७४ मा कम देखिन्छ । त्यसै गरी उच्च तहका प्रश्नहरुमा २०६४ मा भन्दा २०७४ मा बढी देखिन्छ । यसरी समग्रमा हेर्दा २०६४ मा प्रयोगात्मक अभ्यासलाई बढी महत्व दिइएको पाइन्छ भने २०७४ मा उच्च तहलाई महत्व दिइएको पाइन्छ ।

तालिका ३

## २०६४ को विधा सम्बन्धि अभ्यासको प्रस्तुतीकरण विवरण

| क.स. | विधा | विधा सङ्ख्या | ज्ञानात्मक | बोधात्मक | प्रयोगात्मक | उच्च तहगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कथा | ३ | ३ | ७ | १६ | १० | ३६ | १९.२५ |
| २ | कविता | ३ | ६ | ६ | १२ | ९ | ३३ | १७.६४ |
| ३ | निबन्ध | ३ | ३ | ८ | १९ | १२ | ४२ | २२.४५ |
| ४ | जीवनी | ३ | ३ | १० | १३ | १० | ३६ | १९.२५ |
| ५ | रुपक ( मनोवाद र वादविवाद ) | २ | ३ | २ | १० | ६ | २१ | ११.२२ |
| ६ | एकाङ्की | १ | १ | २ | ६ | १ | १० | ५.३४ |
| ७ | चिठी | १ | ० | १ | ३ | ५ | ९ | ४.८१ |
| | जम्मा | १६ | १९ | ३६ | ७९ | ५३ | १८७ | |
| | | प्रतिशत | १०.१६ | १९.२५ | ४२.२४ | २८.३४ | | |

प्रस्तुत तालिका अनुरुप नेपाली पाठ्यपुस्तक २०६४ मा कथा विधा अन्तर्गत जम्मा ३ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु ३ ओटा बोधात्मक प्रश्नहरु ७ ओटा प्रयोगात्मक प्रश्नहरु १६ ओटा र उच्च तहका प्रश्नहरु १० ओटा गरी जम्मा ३६ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी कविता विधा अन्तर्गत वम्मा ३ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु ६ ओटा बोधात्मक प्रश्नहरु ६ ओटा प्रयोगात्मक प्रश्नहरु १२ ओटा र उच्च तहका प्रश्नहरु ९ ओटा गरी जम्मा ३३ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी निबन्ध विधा अन्तर्गत वम्मा ३ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु ३ ओटा बोधात्मक प्रश्नहरु ८ ओटा प्रयोगात्मक प्रश्नहरु १९ ओटा र उच्च तहका प्रश्नहरु १२ ओटा गरी जम्मा४२ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी जीवनी विधा अन्तर्गत जम्मा ३ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु ३ ओटा बोधात्मक प्रश्नहरु १० ओटा प्रयोगात्मक प्रश्नहरु १३ ओटा र उच्च तहका प्रश्नहरु १० ओटा गरी जम्मा ३६ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी रुपक विधा अन्तर्गत वम्मा २ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु ३ ओटा बोधात्मक प्रश्नहरु २ ओटा प्रयोगात्मक प्रश्नहरु १० ओटा र उच्च तहका प्रश्नहरु ६ ओटा गरी जम्मा २१ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी एकाङ्की विधा अन्तर्गत जम्मा १ ओटा मात्र विधा रहेको छ । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु १ ओटा बोधात्मक प्रश्नहरु २ ओटा प्रयोगात्मक प्रश्नहरु

६ ओटा र उच्च तहका प्रश्नहरु १ ओटा गरी जम्मा १० ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी चिठी विधा अन्तर्गत पनि जम्मा १ ओटा माq विधा रहेको छ । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु ० ओटा बोधात्मक प्रश्नहरु १ ओटा प्रयोगात्मक प्रश्नहरु ३ ओटा र उच्च तहका प्रश्नहरु ५ ओटा गरी जम्मा ९ ओटा प्रश्नहरु रहेका छन् ।

समग्रमा जम्मा १८७ प्रश्नहरु मध्ये सबै भन्दा बढी प्रश्नहरु निबन्ध विधामा रहेका छन् । जुन सम्पूर्ण प्रश्नहरुको २२.४५ प्रतिशत रहेको छ । त्यसै गरी सबै भन्दा कम प्रश्नहरु चिठी विधामा रहेका छन् । जुन सम्पूर्ण प्रश्नहरुको ४.८१ प्रतिशत माq रहेको छ । त्यसै गरी कथा र जिवनी विधामा बराबर सम्पूर्ण प्रश्नहरुको १९.२५ प्रतिशत प्रश्नहरु रहेका छन् । त्यसै गरी कविता विधामा सम्पूर्ण प्रश्नहरुको १७.६४ प्रतिशत प्रश्नहरु रहेका छन् । त्यसै गरी निबन्ध विधामा सम्पूर्ण प्रश्नहरुको २२.४५ प्रतिशत प्रश्नहरु रहेका छन् । त्यसै गरी रुपक विधामा सम्पूर्ण प्रश्नहरुको ११.२२ प्रतिशत प्रश्नहरु रहेका छन् भने एकाङ्की विधामा सम्पूर्ण प्रश्नहरुको ५.३४ प्रतिशत प्रश्नहरु रहेका छन्

**तालिका ४**

## २०७४ को विधा सम्बन्धि अभ्यासको प्रस्तुतीकरण विवरण

| क.स. | विधा | विधा सङ्ख्या | ज्ञानात्मक | बोधात्मक | प्रयोगात्मक | उच्च तहगत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कथा | ४ | ३ | २५ | १५ | २८ | ७१ | २४.८२ |
| २ | कविता | ३ | २ | १९ | १५ | १८ | ५४ | १८.८८ |
| ३ | निबन्ध | ३ | १ | १६ | १६ | २१ | ५४ | १८.८८ |
| ४ | जीवनी | २ | ० | १४ | १० | १० | ३४ | ११.८८ |
| ५ | रुपक ( मनोवाद र वादविवाद ) | २ | १ | १४ | ११ | १३ | ३९ | १३.६३ |
| ६ | एकाङ्की | १ | १ | ५ | २ | ७ | १५ | ५.२४ |
| ७ | चिठी | १ | २ | ५ | ४ | ८ | १९ | ६.६४ |
| | जम्मा | १६ | १० | ९८ | ७३ | १०५ | २८६ | |
| | | प्रतिशत | ३.४९ | ३४.२६ | २५.५२ | ३६.७१ | | |

प्रस्तुत तालिका अनुरुप नेपाली पाठ्यपुस्तक २०७४ मा कथा विधा अन्तर्गत जम्मा ४ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु ३ ओटा बोधात्मक प्रश्नहरु २५ ओटा प्रयोगात्मक प्रश्नहरु १५ ओटा र उच्च तहका प्रश्नहरु २८ ओटा गरी जम्मा ७१ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी कविता विधा अन्तर्गत जम्मा ३ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु २ ओटा बोधात्मक प्रश्नहरु १९ ओटा प्रयोगात्मक प्रश्नहरु १५ ओटा र उच्च तहका प्रश्नहरु १८ ओटा गरी जम्मा ५४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी निबन्ध विधा अन्तर्गत जम्मा ३ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु १ ओटा बोधात्मक प्रश्नहरु १६ ओटा प्रयोगात्मक प्रश्नहरु १६ ओटा र उच्च तहका प्रश्नहरु २१ ओटा गरी जम्मा५४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी जीवनी विधा अन्तर्गत जम्मा २ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु ० ओटा बोधात्मक प्रश्नहरु १४ ओटा प्रयोगात्मक प्रश्नहरु १० ओटा र उच्च तहका प्रश्नहरु १० ओटा गरी जम्मा ३४ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी रुपक विधा अन्तर्गत वम्मा २ ओटा विधाहरु रहेका छन् । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु १ ओटा बोधात्मक प्रश्नहरु १४ ओटा प्रयोगात्मक प्रश्नहरु ११ ओटा र उच्च तहका प्रश्नहरु १३ ओटा गरी जम्मा ३९ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी एकाङ्की विधा अन्तर्गत जम्मा १ ओटा मात्र विधा रहेको छ । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु १ ओटा बोधात्मक प्रश्नहरु ५ ओटा प्रयोगात्मक प्रश्नहरु २ ओटा र उच्च तहका प्रश्नहरु ७ ओटा गरी जम्मा १५ ओटा प्रश्नहरु रहेका छन् । त्यसै गरी चिठी विधा अन्तर्गत पनि जम्मा १ ओटा माq विधा रहेको छ । जस अन्तर्गत ज्ञानात्मक प्रश्नहरु २ ओटा बोधात्मक प्रश्नहरु ५ ओटा प्रयोगात्मक प्रश्नहरु ४ ओटा र उच्च तहका प्रश्नहरु ८ ओटा गरी जम्मा १९ ओटा प्रश्नहरु रहेका छन् ।

समग्रमा जम्मा २८६ प्रश्नहरु मध्ये सबै भन्दा बढी प्रश्नहरु कथा विधामा रहेका छन् । जुन सम्पूर्ण प्रश्नहरुको २४.८२ प्रतिशत रहेको छ । त्यसै गरी सबै भन्दा कम प्रश्नहरु एकाङ्की विधामा रहेका छन् । जुन सम्पूर्ण प्रश्नहरुको ५.२४ प्रतिशत माq रहेको छ । त्यसै गरी कविता र निबन्ध विधामा बराबर सम्पूर्ण प्रश्नहरुको १८.८८ प्रतिशत प्रश्नहरु रहेका छन् । त्यसै गरी जीवनी विधामा सम्पूर्ण प्रश्नहरुको ११.८८ प्रतिशत प्रश्नहरु रहेका छन् त्यसै गरी रुपक विधामा सम्पूर्ण प्रश्नहरुको १३.६३ प्रतिशत प्रश्नहरु रहेका छन् भने चिठी विधामा सम्पूर्ण प्रश्नहरुको ६.६४ प्रतिशत प्रश्नहरु रहेका छन् ।

`

## ४.२ छलफल तथा व्याख्या

**नेपाली पाठ्यपुस्तक २०६४ को अभ्यासमा समावेश भएका विविध तहका प्रश्नहरुको वर्गीकरणM**

### ४.२.१ नेपाली पाठ्यपुस्तक २०६४ को नमुना अभ्यासमा समावेश भएका ज्ञानात्मक तहका प्रश्नहरुको वर्गीकरणM

**शब्दार्थ–** दरिद्र, विशाल। तृष्णा आदि (पाठ १ , पृ.स.३)

विपुल, भाका, फिराद आदि ( पाठ २ , पृ.स. १५)

अक्कल, अग्राख, प्रणेता आदि ( पाठ ३ , पृ.स. २४)

सपूत, दर्शन, हिमायती आदि ( पाठ ४ , पृ.स. ३२)

गुहेँली, गुर्सिनी, गुराँस आदि ( पाठ ६ , पृ.स. ४७)

उत्साह, क्षमायाचना, क्रोध आदि ( पाठ ७ , पृ.स. ६०)

गौरव, कुची, सलहेस आदि ( पाठ ८ , पृ.स. ६८)

समृद्ध, याद्धा, लिपि आदि ( पाठ १० , पृ.स. ८०)

भ्रामक, आग्रह, परिश्रम आदि ( पाठ ११ ,पेज न. ९३)

मिर्मिर, सपूत, भेटी आदि ( पाठ १२ ,पेज न. ९८)

निर्दोष, वृतान्त, प्रायश्चित आदि ( पाठ १३ , पृ.स. १०६)

अविस्मरणीय, शताब्दी, हिमपात आदि ( पाठ १४ , पृ.स. ११६)

एक्कासि, कमारो, गुन्द्री आदि ( पाठ १५ , पृ.स. १२८)

बगडोर, पशुवत्, यातना आदि ( पाठ १६ , पृ.स. १३८)

**पर्यायवाची शब्दहरु –** वन, हावा, केश, शिखर, प्रीति, देश, जिन्दगानी, सुगन्ध ( पाठ ६ , पृ.स. ४९)

उन्नति, उदार, विशाल, धर्ती, आकाश, मानिस, नारी, सूर्य, चन्द्र, नदी आदि ( पाठ १२ , पृ.स. ९८)

**विपरीतार्थक शब्दहरु –** वीर, सपूत, स्वदेश, स्वर्ग, उर्वर, रात, अवनति, सङ्कीर्ण, स्थूल, उष्ण आदि ( पाठ १२, पृ.स. ९८)

प्रस्तुत वर्गीकरणको आधारमा हेर्दा पाठ ५ र ९ देखि बाहेक सम्पूर्ण पाठहरुमा शब्दार्थ सम्बन्धि अभ्यासहरु रहेको पाइन्छ भने पर्यायवाची शब्दहरु पाठ ६ र १२ गरी जम्मा २ ओटा पाठमा माq रहेका छन् । त्यसै गरी विपरीतार्थक शब्दहरु पाठ १२ मा माq रहेको पाइन्छ । यसरी हेर्दा विपरीतार्थक शब्दहरुलाई कम महत्व दिई शब्दार्थ अभ्यासलाई बढी महत्व दिइएको पाइन्छ भने पर्यायवाची शब्दहरुलाई पनि खासै महत्व दिइएको पाइदैन ।

## ४.२.२

## नेपाली पाठ्यपुस्तक २०६४ मा रहेका बोधात्मक तहका अभ्यासहरुको वर्गीकरणM

### मौखिक उत्तरात्मक प्रश्नहरु-

(क) मानिसका शत्रु को हुन् ? (पाठ १, पृ.स. ३ , जम्मा प्रश्न सङ्ख्या ८)

(ख) जयपृथ्वीबहादुर सिंहले कति सम्म औपचारिक शिक्षा हासिल गरे ?(पाठ ४, पृ.स., जम्मा प्रश्न सङ्ख्या १३)

(ग) सन्तमान कामको खोजीमा कहाँ गएको थियो ? (पाठ ५, पृ.स. ४२, जम्मा प्रश्न सङ्ख्या ५)

(घ) डाँडाकाँडा किन हरिया देखिएका हुन् ? (पाठ ६, पृ.स. ४८, जम्मा प्रश्न सङ्ख्या ६)

(ङ) मिथिला क्षेत्रअन्तर्गत नेपालको तराईका कुनकुन भागहरु पर्दछन् ?(पाठ ८, पृ.स. ६६, जम्मा प्रश्न सङ्ख्या ९)

(च) नेपालीहरु कसरी राष्ट्रिय एकतामा आबद्ध भएका छन् ? (पाठ १०, पृ.स. ८०, जम्मा प्रश्न सङ्ख्या ८)

(छ) के भएपछि बिहान हुन्छ ? (पाठ १२, पृ.स. ९८, जम्मा प्रश्न सङ्ख्या ६)

(ज) पाण्डवहरुका पुरोहित को थिए ? (पाठ १३, पृ.स. १०६, जम्मा प्रश्न सङ्ख्या १२)

(झ) यातायातका प्रमुख साधन के के हुन् ? (पाठ १४, पृ.स. ११६, जम्मा प्रश्न सङ्ख्या ८)

(ञ) गोराहरु कालाहरुलाई कस्तो व्यवहार गर्थे ? (पाठ १६, पृ.स. १३७, जम्मा प्रश्न सङ्ख्या १२)

## एक वाक्यात्मक उत्तर आउने प्रश्नहरुM

(क) कसैले ऋण तिर्ने भाका सोध्यो भने गङ्गाधर के जवाफ दिन्थे ?(पाठ २, पृ.स. १५ , जम्मा प्रश्न सङ्ख्या १०)

(ख) आधुनिक भोलिवादका अनुयायी कोको हुन् ? (पाठ ३, पृ.स. २४ , जम्मा प्रश्न सङ्ख्या ५)

(ग) केशवराज प्रत्येक दिन बिहान कहाँ जान्थे ? (पाठ ७, पृ.स. ५९ , जम्मा प्रश्न सङ्ख्या ८)

(घ) लालबहादुरलाई आफ्नो घरको मायाले किन तान्यो ? (पाठ १५, पृ.स. १२९ , जम्मा प्रश्न सङ्ख्या ७)

## छोटो उत्तरात्मक प्रश्नहरु M

(क) मुरलीधरले गाउँका मानिसहरुलाई किन बोलाए ? (पाठ २, पृ.स. , जम्मा प्रश्न सङ्ख्या ५)

(ख) मपाइँ बन्नुको अर्थ के हो ? (पाठ ३, पृ.स. , जम्मा प्रश्न सङ्ख्या ६)

(ग) राणा शासकहरु जयपृथ्वीबहादुर सिंहसँग किन असन्तुश्ट भए ? (पाठ ४, पृ.स. ३३ , जम्मा प्रश्न सङ्ख्या ५)

(घ) वास्तविक शान्ति स्थापनाको लागि के गर्नुपर्छ ? (पाठ ८, पृ.स. ६८ , जम्मा प्रश्न सङ्ख्या ५)

(ङ) व्यापारिक चिठीको आदि , मध्य र अन्त्यमा के के कुरा लेखिन्छन् ?(पाठ ९,पृ.स. ७४,जम्मा प्रश्न सङ्ख्या २)

(च) इमानसिंह चेमजोङले कुन क्षेत्रमा विशेष कार्य गरे ? (पाठ १०, पृ.स. ८१ , जम्मा प्रश्न सङ्ख्या ५)

(छ) जनताहरु किन जुर्मुराएर उठे ? (पाठ १६, पृ.स. १३८ , जम्मा प्रश्न सङ्ख्या ५)

## सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरुः

(क) विद्यालाई कवितामा कुनकुन रुपमा चित्रण गरिएको छ ? (पाठ १, पृ.स. ३ , जम्मा प्रश्न सङ्ख्या ५)

(ख) कर्तव्य कथाको मूल आशय के हो ? (पाठ २, पृ.स. १६ , जम्मा प्रश्न सङ्ख्या ६)

(ग) जय भोलि निबन्धको मूल व्यङ्ग्य को हो ? (पाठ ३, पृ.स. २५ , जम्मा प्रश्न सङ्ख्या ४)

(घ) जयपृथ्वीबहादुर सिंहका स्वभावगत विशेषताहरु केके थिए ? (पाठ ४, पृ.स. ३३ , जम्मा प्रश्न सङ्ख्या ५)

(ङ) सन्तमान सुतेको कोठालाई कुन रुपमा चित्रण गरिएको छ ? (पाठ ५, पृ.स. ४३ , जम्मा प्रश्न सङ्ख्या ५)

(च) वैशाख कवितामा प्रकृतिको कस्तो वर्णन पाइन्छ ? (पाठ ६, पृ.स. ५० , जम्मा प्रश्न सङ्ख्या ६)

(छ) केशवराज राति किन निदाउन सकेनन् ? (पाठ ७, पेज न. ६० , जम्मा प्रश्न सङ्ख्या ६)

(ज) मिथिला चित्रकलाको विकास कसरी भएको हो ? (पाठ ८, पृ.स. ६९ , जम्मा प्रश्न सङ्ख्या ७)

(झ) इमानसिहं चेमजोङको जीवनीबाट कस्तो प्रेरणा लिन सकिन्छ ? (पाठ १०, पृ.स. ८१ ,जम्मा प्रश्न सङ्ख्या ५)

(ञ) सहिदहरुप्रतिको हाम्रो कर्तव्य के हो ? (पाठ १२, पृ.स. ९८ , जम्मा प्रश्न सङ्ख्या ४)

(ट) दुर्योधनलाइ विदुरले के भनेर गाली गरे ? (पाठ १३, पृ.स. १०७ , जम्मा प्रश्न सङ्ख्या ६)

(ठ) मानिसले किन यन्त्र मानवले जस्तो काम गर्न सक्दैन ? (पाठ १४, पृ.स. ११७ , जम्मा प्रश्न सङ्ख्या ६)

(ड) घरको माया एकाङ्कीमा के कस्तो देशप्रेम देखाइएको छ ? (पाठ १५, पृ.स. १२९ , जम्मा प्रश्न सङ्ख्या ५)

(ढ) नेल्सन मन्डेला कस्ता राजनीतिज्ञ हुन् ? (पाठ १६, पृ.स. १३८ , जम्मा प्रश्न सङ्ख्या ६)

नेपाली पाठ्यपुस्तक २०६४ मा रहेका बोधात्मक तहका अभ्यासहरुको वर्गीकरणलाई हेर्दा यस तहमा मौखिक उत्तरात्मक, एक वाक्यात्मक, छोटो उत्तरात्मक तथा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु गरी जम्मा २२६ प्रश्नहरु रहेका छन् । १६ ओटा पाठहरुमध्ये १० ओटा पाठहरुमा मौखिक उत्तरात्मक प्रश्नहरु रहेका छन् । ती मौखिक उत्तरात्मक प्रश्नहरुलाइ हेर्दा जम्मा ८५ ओटा प्रश्नहरु रहेको पाइन्छ, जुन सम्पूर्ण बोधात्मक प्रश्नहरुको ३७.६१% रहेको छ । त्यसै गरी एक वाक्यमा उत्तर दिने प्रश्नहरु जम्मा ४ ओटा पाठहरु रहेको पाइन्छ । ती प्रश्नहरुलाइ हेर्दा जम्मा ३० ओटा प्रश्नहरु रहेको पाइन्छ, जुन सम्पूर्ण बोधात्मक प्रश्नहरुको १३.२७% रहेको छ । त्यसै गरी छोटो उत्तरात्मक प्रश्नहरु जम्मा ७ ओटा पाठहरु रहेको पाइन्छ । ती प्रश्नहरुलाइ हेर्दा जम्मा ३३ ओटा प्रश्नहरु रहेको पाइन्छ, जुन सम्पूर्ण बोधात्मक प्रश्नहरुको १४.६% रहेको छ । त्यसै गरी सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु जम्मा १४ ओटा पाठहरु रहेको पाइन्छ । ती प्रश्नहरुलाइ हेर्दा जम्मा ७६ ओटा प्रश्नहरु रहेको पाइन्छ, जुन सम्पूर्ण बोधात्मक प्रश्नहरुको ३३.६२% रहेको छ । यसरी हेर्दा सबै भन्दा बढी मौखिक उत्तरात्मक प्रश्नहरु रहेको पाइन्छ भने सबै भन्दा कम एक वाक्यात्मक उत्तर आउने प्रश्नहरु रहेको पाइन्छ ।

४.२.३

## नेपाली पाठ्यपुस्तक २०६४ मा रहेका प्रयोगात्मक तहका अभ्यासहरुको वर्गीकरणM

नेपाली पाठ्यपुस्तक २०६४ मा रहेका प्रयोगात्मक तहका अभ्यासहरुलाई अध्ययन गर्दा विविध प्रवृतिका प्रश्नहरु रहेको पाइन्छ, जसमा लय मिलाई वाचन गर्ने, वाक्यमा प्रयोग गर्ने,हिज्जे मिलाउने, शुद्धोच्चारण गर्ने, प्रकृति प्रत्यय छुट्याउने, समास र विग्रह गर्ने जस्ता प्रश्नहरु रहेका छन् , जसलाइ पाठगत आधारमा निम्नानुसार छुट्याइएको छ ।

**पाठ-१**

(क) प्रश्नोत्तर कविता गति यति र लय मिलाएर वाचन गर्नुहोस् ।

(ख) वाक्यमा प्रयोग गर्नुहोस् ।

शत्रु , उपदेश , गहना आदि

(ग) हिज्जे शुद्ध गरी तालिका भर्नुहोस् ।

(घ) शुद्धोच्चारण गर्नुहोस् ।

इन्द्रिय , तृष्णा आदि

**पाठ-२**

(क) शुद्धोच्चारण गर्नुहोस् ।

बर्तुन, श्राद्ध आदि

(ख) वाक्यमा प्रयोग गर्नुहोस् ।

फिराद गर्नु, तालुकदार आदि

(ग) आफू खुसी शब्द लेखी प्रकृति प्रत्यय छुट्याउनु होस् ।

(घ) बिग्रह गर्नुहोस् ।

दोबाटो, बाबुछोरा आदि

(ङ) पाठबाट अनुकरणात्मक शब्द खोजी वाक्यमा प्रयोग गर्नुहास् ।

**पाठ-३**

(क) शुद्धोच्चारण गर्नुहोस् ।

तन्द्रयाङतुन्द्रुङ, तात्तातो आदि

(ख) मिश्र वाक्यमा प्रयोग गर्नुहोस् ।

जनप्रीय , मुक्ति आदि

(ग) तलको गद्यांश सच्याएर सार्नुहोस् ।

शिहं दरबार होस् कि स्याल दरबार भोलीबादलाइ सिरोधार्य नगर्ने अड्डाअदालत पाउनु प्याज नखाने बाहुन भेटाउनु जस्तो गारो भइ सक्यो अब ।

(घ) पाठको दसौ अनुच्छेदमा प्रयुक्त अव्यय शब्दहरु कुनकुन वर्गमा पर्दछन्, लेख्नुहोस् ।

**पाठ-४**

(क) शुद्धोच्चारण गर्नुहोस् ।

प्रयत्न, रुष्ट, मूर्त

(ख) वाक्यमा प्रयोग गर्नुहोस् ।

कूटनीतिक, नजरबन्द,

(ग) तलको वाक्य सच्याएर सार्नुहोस् ।

उनी आफ्नो पिताको धार्मीक कृयाकलाप बाट अत्यन्त प्रभावित थिए । यसैबाट उनले धार्मीक एवम आध्यात्मीक चिन्तन र ब्यबाहर विकाश गरी क्रमस. आफुमा मानविय गुणहरु ब्ढाउदै गए ।

(घ) 'ई' र 'निर' उपसर्ग प्रयोग गरी तीनतीनओटा शब्द निर्माण गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

**पाठ-५**

(क) ) शुद्धोच्चारण गर्नुहोस् ।

इष्टमित्र , ढुङ्गा , दृष्टिकोण आदि

(ख) पाठबाट वि, इक र इत प्रत्यय लागेका दुईदुई ओटा शब्द टिप्नुहोस् ।

(ग) पाठबाट व र ब प्रयोग भएका पाँचपाँच ओटा शब्द टिप्नुहोस् ।

(घ) वाक्यमा प्रयोग गर्नुहोस् ।

गुटुमटु, झलझली, पेट पाल्नु आदि

(ङ) तलको वाक्य सच्याएर सार्नुहोस् ।

विदेस गएपछि त रुखबाट पाट टिपे झैँ पेशा शोर्न सकिन्छ जस्तो लागथियो ।

(च) उखानलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

आफू नमरी स्वर्ग देखिँदैन , नजिकको तीर्थ हेला आदि

**पाठ-६**

(क) कविता गति, यति र लय मिलाई वाचन गर्नुहोस् ।

(ख) शुद्धोच्चारण गर्नुहोस् ।

गुहेँली, गुर्सिनी सुसेली आदि

(ग) वाक्यमा प्रयोग गर्नुहोस् ।

डाँडाकाँडा , क्वैली , शिखर आदि

(घ) ब र म वर्णबाट बनेका शब्दहरु टिपी वर्णानुक्रममा लेख्नुहोस् ।

**पाठ-७**

(क) दोस्रो र तेस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

(ख) शुद्धोच्चारण गर्नुहोस् ।

करुणा , क्रोध , ठ्याम्मै आदि

(ग) प्रकृति प्रत्यय छुट्याई दुईदुई ओटा शब्द निर्माण गर्नुहोस् ।

दोषी, चाकरिया, रिसानी आदि

(घ) श्रुतिसमभिनार्थक शब्दहरुलाई अलगअलग अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

(ङ) चौथो र पाँचौ अनुच्छेदबाट क र अ वर्णका पाँचपाँच शब्द टिपी नाम, सर्वनाम र विशेषण छुट्याउनुहोस् ।

(च) मिश्र वा संयुक्त वाक्यमा प्रयोग गर्नुहोस् ।

इज्जत, सीमा, अन्नदाता आदि

**पाठ-८**

(क) शुद्धोच्चारण गर्नुहोस् ।

जनघनत्व, ध्वाँसो, प्रलय आदि

(ख) मूल शब्द र प्रत्यय छुट्याउनुहोस् ।

केन्द्रित, खेलौना, घरेलु आदि

(ग) वाक्यमा प्रयोग गर्नुहोस् ।

प्राचीनकाल, विषयवस्तु, उत्पादन आदि

(घ) पाठको तेस्रो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

(ङ) पहिलो र दोस्रो अनुच्छेदबाट जातिवाचक नाम टिप्नुहोस् ।

(च) नाम भए विशेषण र विशेषण भए नाम बनाउनुहोस् ।

जीव, भौगोलिक, देव आदि

**पाठ-९**

(क) वाक्यमा प्रयोग गर्नुहोस् ।

भुक्तानी, पेस्की, रकम

(ख) संयोजक र नामयोगी शब्द राखेर वाक्य निर्माण गर्नुहोस् ।

संयोजकः र, अनि, कि आदि

नामयोगीः तिर, माथि, भित्र आदि

(ग) क्रियायोगी, निपात र विष्मयादिबोधक शब्दलाई छुट्याई तालिका बनाउनुहोस् ।

राम्ररी, हिजो, नि आदि

**पाठ-१०**

(क) शुद्धोच्चारण गर्नुहोस् ।

निर्माण, प्रगति, स्नान आदि

(ख) उपसर्ग र प्रत्यय छुट्याउनुहोस् ।

ऐतिहासिक, पुरातात्विक, साहित्यिक आदि

(ग) वाक्यमा प्रयोग गर्नुहोस् ।

बाध्य हुनु, समर्पित हुनु, चासो देखाउनु आदि

(घ) पाठको दोस्रो अनुच्छेदबाट अज्ञात भुतका वाक्यहरु खोजेर भन्नुहोस् ।

**पाठ-११**

(क) पाठ सस्वर वाचन गर्नुहोस् ।

(ख) शुद्धोच्चारण गर्नुहोस् ।

पराक्रम, विश्वामित्र, मन्तव्य आदि

(ग) वाक्यमा प्रयोग गर्नुहोस् ।

उन्नति, समुद्र, उपेक्षा आदि

(घ) पाठबाट सर्वनाम शब्द खोजी वाक्यमा प्रयोग गर्नुहोस् ।

### पाठ-१२

(क) कविता लय हालेर वाचन गर्नुहोस् ।

(ख) शुद्धोच्चारण गर्नुहोस् ।

धिक्कार्ला, कर्तव्य, चरण आदि

(ग) वाक्यमा प्रयोग गर्नुहोस् ।

दासता, धड्कन, धिक्कार्नु आदि

(घ) कविताबाट ता र ई प्रत्यय लागेका शब्द खोजी प्रकृति प्रत्यय छुट्याउनुहोस् ।

(ङ) क्रियापदलाई अकरणमा बदल्नुहोस् ।

भाग्दछ, थियौँ, हुन्छ आदि

### पाठ-१३

(क) शुद्धोच्चारण गर्नुहोस् ।

निन्याउरो, धौम्य, कन्सिरी आदि

(ख) अनेक अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

तन, कल, सम्म आदि

(ग) वाक्यमा प्रयोग गर्नुहोस् ।

कन्सिरी तात्नु, पुलुपुलु हेर्नु, लम्कीझम्की हर्नु आदि

(घ) दिइउएको वाक्यलाइ सच्याएर सार्नु ।

(ङ) शब्दवर्ग छुट्याउनु ।

### पाठ-१४

(क) अनुच्छेदबाट शब्दवर्गका आधारमा समूह बनाउनु ।

(ख) श्रुति लेखन गर्नु ।

(ग) शुद्धोच्चारण गर्नुहोस् ।

आणविक, प्रगतिपथ, विद्युतीय आदि

(घ) वाक्यमा प्रयोग गर्नुहोस् ।

आशातीत, प्रगति, प्राकृतिक प्रकोप आदि

**पाठ-१५**

(क) शुद्धोच्चारण गर्नुहोस् ।

उत्कण्ठा, गुन्द्रुक, ठुटे आदि

(ख) वाक्यमा प्रयोग गर्नुहोस् ।

आँत सुक्नु, उखुम पार्नु, घरधन्दा आदि

(ग) समस्त शब्दलाई विग्रह गर्नुहोस् ।

दुईचार, काँचोपात, पन्चेबाजा आदि

(घ) अनुच्छेदबाट अनुकराणत्मक शब्द टिपी वाक्यमा प्रयोग गर्नुहोस् ।

(ङ) दिइएका शब्दहरुको प्रचलित रुप लेख्नुहोस् ।

भ'को, खा'र, आ'छु आदि

(च) घरको माया एकाङ्की हाउभाउ सहित अभिनय गर्नुहोस् ।

**पाठ-१६**

(क) शुद्धोच्चारण गर्नुहोस् ।

उत्पीडन, तिलाञ्जली, कजाउनु आदि

(ख) पाँचौ अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

(ग) वाक्यमा प्रयोग गर्नुहोस् ।

वरण गर्नु, रजाँइ गर्नु, कज्याउनु आदि

(घ) आठौं अनुच्छेदबाट 'ई' र 'इक' प्रत्यय लागेका शब्द टिप्नुहोस् ।

(ङ) शब्दहरु शुद्ध गर्नुहोस् ।

इस्वर, शरस्वती, सड्यन्त्र आदि

नेपाली पाठ्यपुस्तक २०६४ मा रहेका प्रयोगात्मक तहका अभ्यासहरुको वर्गीकरणलाइ हेर्दा समग्रमा शुद्ध उच्चारण गर्ने , वाक्य निर्माण गर्ने , श्रुति लेखन, प्रकृति प्रत्यय, समास विग्रह, शब्दवर्ग, शुद्ध लेखन, सस्वर तथा लयबद्ध वाचन, तालिका निर्माण जस्ता अभ्यासहरु रहेको पाइन्छ , जसमध्ये शुद्ध उच्चारण गर्ने , वाक्य निर्माण गर्ने जस्ता अभ्यासहरु बढी रहेको पाइन्छ ।

## ४.२.४ नेपाली पाठ्यपुस्तक २०६४ मा रहेका उच्च तहका अभ्यासहरुको वर्गीकरणM

नेपाली पाठ्यपुस्तक २०६४ मा रहेका उच्च तहका अभ्यासहरुलाई अध्ययन गर्दा विविध प्रवृतिका प्रश्नहरु रहेको पाइन्छ, जसमा सप्रसङ्ग व्याख्या , विवेचनात्मक प्रश्न , बुँदा टिपोट , सारांश लेखन , चिठी , आदि लेखन गर्ने जस्ता प्रश्नहरु रहेका छन् , जसलाइ निम्नानुसार छुट्याइएको छ ।

### व्याख्या / सप्रसंग व्याख्या

(क) मातासरी सुख दिन्या कुन चिज छ जान्नू ?

विद्यै छ यस्तो अरु कौन खोज्नू । (पाठ १, पृ.स. ४ , जम्मा प्रश्न सङ्ख्या २)

(ख) कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफै पनि जानु पर्छ । (पाठ २, पृ.स. १६ , जम्मा प्रश्न सङ्ख्या १)

(ग) भोलिवाद हाम्रो संस्कृति हो, दर्शन हो, राजनीति हो, प्रशाशन हो, सामाजिक व्यवहार हो । (पाठ ३, पृ.स. २५ , जम्मा प्रश्न सङ्ख्या २)

(घ) सत्यबाट सन्तोष पाइन्छ, खराब विचार र घृणाबाट दुःख हुन्छ ।

(पाठ ४, पृ.स. ३३ , जम्मा प्रश्न सङ्ख्या २)

(ङ) जीवन भनेकै सुख र दुःखको समिश्रण त हो । (पाठ ५, पेज न. ४३ , जम्मा प्रश्न सङ्ख्या २)

(च) मेरै धवलागिरि शिखरमा छैन मैले पुगेको

नेपालीको दिल छुन अझै छैन मैले सकेको । (पाठ ६, पृ.स. ५० , जम्मा प्रश्न सङ्ख्या २)

(छ) एउटा भुललाई अर्को भुलले सच्याउन सक्दैन । (पाठ ७, पृ.स. ६० , जम्मा प्रश्न सङ्ख्या २)

(ज) मिथिला चित्रकला नेपालको सांस्कृतिक सम्पदा हो । (पाठ ८, पृ.स. ६९ , जम्मा प्रश्न सङ्ख्या २)

(झ) नेपाल सांस्कृतिक विविधता भएको एक समृद्व मुलुक हो । (पाठ १०, पृ.स. ८१ , जम्मा प्रश्न सङ्ख्या ३)

(ञ) हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ शहिदको

हाम्रो खुसीकोख प्रत्येक पलमा छ जीवन सहिदको । (पाठ १२, पृ.स. ९९ , जम्मा प्रश्न सङ्ख्या ३)

(ट) मर्नुपर्छ भन्दैमा नीतिलाई शासकले त्याग्नु हुन्न । (पाठ १३, पृ.स. १०७ , जम्मा प्रश्न सङ्ख्या ४)

(ठ) समय, श्रम र सम्पतिको बचत गरी ठूलाठूला काम सम्पन्न गर्न यन्त्रमानवको सहयोग उल्लेखनीय रहेको छ । (पाठ १४, पेज न. ११७ , जम्मा प्रश्न सङ्ख्या २)

(ड) भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती । (पाठ १५, पृ.स. १२९ , जम्मा प्रश्न सङ्ख्या १)

(ण) जस्तोसुकै विपत्तिलाई पनि धैर्यको सहारा लिएर सहन गर्ने आत्मबल उनमा थियो ।

(पाठ १६, पृ.स. १३९ , जम्मा प्रश्न सङ्ख्या ५)

## विवेचनात्मक प्रश्न

(क) के कस्ता कामहरु गर्न सकियो भने मानव जीवन सार्थक हुन्छ ? कविताका आधारमा विवेचना गर्नुहोस् ।

(पाठ १, पृ.स. ४ , जम्मा प्रश्न सङ्ख्या २)

(ख) 'कर्तव्य' कथामा कथाकारले नेपाली समाजका के कस्ता वास्तबविकताहरुलाई देखाउन खोजेका छन् ?

(पाठ २, पृ.स. १६ , जम्मा प्रश्न सङ्ख्या २)

(ग) 'जय भोलि' निबन्धले हाम्रो समाजमा विद्यमान कस्ता सामाजिक व्यथितिमाथि व्यङ्ग्य गरेको छ ?

(पाठ ३, पृ.स. २५ , जम्मा प्रश्न सङ्ख्या १)

(घ) नेपालको शिक्षा र पत्रकारिताको विकासमा जयपृथ्वीबहादुर सिंहको योगदान कस्तो थियो ?

(पाठ ४, पृ.स. ३३ , जम्मा प्रश्न सङ्ख्या ३)

(ङ) 'बैशाख' कवितामा कविले प्रकृति र मानवको सम्बन्धलाई कसरी चित्रण गरेका छन् ? स्पष्ट पार्नुहोस् ।

(पाठ ६, पृ.स. ५० , जम्मा प्रश्न सङ्ख्या २)

(च) 'दोषी चस्मा' कथामा कथाकारले केशवराजको कस्तो मनस्थितिको विश्लेषण गरेका छन् ?

(पाठ ७, पृ.स. ६१ , जम्मा प्रश्न सङ्ख्या २)

(छ) मिथिला चित्रकलामा केकस्ता मौलिक स्वरुप र विशेषता रहेको पाइन्छ ? स्पष्ट पार्नुहोस् ।

(पाठ ८, पृ.स. ६९ , जम्मा प्रश्न सङ्ख्या ३)

(ज) इमानसिंह चेमजाङले किराती भाषा र संस्कृतको उन्नतिमा दिएको योगदानबारे चर्चा गर्नुहोस् ।

(पाठ १०, पृ.स. ८१ , जम्मा प्रश्न सङ्ख्या १)

(झ) 'सहिदहरुको सम्झनामा' कवितामा कविले सहिदहरुको वलिदान र मुलुकप्रति हाम्रो कर्तव्यलाई कुन रुपमा

प्रस्तुत गरेका छन् ? (पाठ ११, पृ.स. ९९ , जम्मा प्रश्न सङ्ख्या १)

(ञ) धृतराष्ट्र र विदुरका स्वभावको तुलना गर्नुहोस् । (पाठ १३, पृ.स. १०७ , जम्मा प्रश्न सङ्ख्या २)

(ट) वर्तमान युगमा यन्त्रमानवको महत्व र उपयोगिता के कस्तो देखिन्छ ?(पाठ १४, पृ.स. ११७ , जम्मा प्रश्न सङ्ख्या १)

(ठ) 'मन्डेला एक सङ्घर्षशील राजनीतिक योद्धा हुन्' भन्ने कुरालाई पुष्टि गर्नुहोस् ।

(पाठ १६, पृ.स. १३९ , जम्मा प्रश्न सङ्ख्या २

## बुँदा टिपोट

(क) पाठको अनुच्छेदबाट मूख्यमूख्य चार ओटा बुँदा टिप्नुहोस् । (पाठ ३, पृ.स. २४ , जम्मा प्रश्न सङ्ख्या १)

(ख) विद्यार्थीहरुले आफ्नो नाम कमाउन कस्ताकस्ता प्रयास गर्नुपर्ला, सामूहिक रुपमा कक्षामा छलफल गरी मूख्यमूख्य बुँदाहरु टिप्नुहोस् । (पाठ ४, पृ.स. ३३ , जम्मा प्रश्न सङ्ख्या १)

(ग) पाठको पाँचौ अनुच्छेद पढी त्यसका मुख्यमूख्य बुँदा टिप्नुहोस् । (पाठ ८, पृ.स. ६९ , जम्मा प्रश्न सङ्ख्या १)

(घ) विभिन्न क्षेत्रमा दिनानुदिन यन्त्रमानवको प्रयोगले के मानिसमा बेरोजगारी सम्स्या बृद्धि नहोला , कक्षामा छलफल गर्नका लागि आवश्यक बुँदा तयारर गर्नुहोस् । (पाठ १४, पृ.स. ११७ , जम्मा प्रश्न सङ्ख्या १)

## सारांश लेखन

(क) पाठको नवौं अनुच्छेदलाई संक्षेपीकरण गर्नुहोस् । (पाठ ३, पृ.स. २४ , जम्मा प्रश्न सङ्ख्या १)

(ख) 'काम खोज्दै जाँदा' मनोवादको सारांश लेख्नुहोस् । (पाठ ५, पृ.स. ४३ , जम्मा प्रश्न सङ्ख्या १)

(ग) 'दोषी चस्मा' कथाको सारांश लेखी कक्षामा सुनाउनुहोस् । (पाठ ७, पृ.स. ६१ , जम्मा प्रश्न सङ्ख्या १)

(घ) 'न्यायको पक्ष' कथाको सार लेख्नुहोस् । (पाठ १३, पृ.स. १०७ , जम्मा प्रश्न सङ्ख्या १)

## चिठी लेखन

(क) छोरीलाई शिक्षा दिनुपर्छ भन्ने सल्लाह दिदै रोल्पाका मानबहादुरलाई नेपालगञ्जका मोहम्मदले लेख्ने चिठी तयार पार्नुहोस् । (पाठ ९, पेज न. ७४ , जम्मा प्रश्न सङ्ख्या ५)

नेपाली पाठ्यपुस्तक २०६४ मा समावेश भएका अभ्यासमा रहेका उच्च तहका प्रश्नहरुलाई वर्गीकरण गर्दा यसभित्र जम्मा ६८ ओटा प्रश्नहरु रहेका छन्, जसमध्ये ३३ ओटा सप्रसङ्ग व्याख्या रहेका छन् , जुन सम्पुर्ण प्रश्नको ४८% रहेको छ । त्यसैगरी २२ ओटा विवेचनात्मक प्रश्नहरु रहेका छन्, जुन सम्पूर्ण प्रश्नको ३२% रहेको छ । त्यसैगरी ४ ओटा बुँदा टिपोट रहेका छन्, जुन सम्पूर्ण प्रश्नको ०.६% रहेको छ । त्यसैगरी ४ ओटा सारांश लेखन रहेका छन्, जुन सम्पूर्ण प्रश्नको ०.६% रहेको छ । त्यसैगरी ५ ओटा चिठी लेखन रहेका छन्, जुन सम्पूर्ण प्रश्नको ०.७% रहेको छ । यसरी हेर्दा सबै भन्दा बढी सप्रसङ्ग व्याख्या तथा कम बुँदा टिपोट र सारांश लेखन रहेका छन् ।

यसरी नेपाली पाठ्यपुस्तक २०६४ को नमुना अभ्यासमा जम्मा ३८७ ओटा प्रश्नहरु रहेका छन् , जसमध्ये १७ ओटा ज्ञान तहका प्रश्नहरु रहेका छन् , जुन सम्पुर्ण प्रश्नको ४.३९% रहेको छ । त्यसैगरी २२६ ओटा बोध तहका प्रश्नहरु रहेका छन्, जुन सम्पूर्ण प्रश्नको ५८.३९% रहेको छ । त्यसैगरी ७६ ओटा प्रयोग तहका प्रश्नहरु रहेका छन्, जुन सम्पूर्ण प्रश्नको १९.६३% रहेको छ । त्यसैगरी ६८ ओटा उच्च तहका प्रश्नहरु रहेका छन्, जुन सम्पूर्ण प्रश्नको १७.५७% रहेको छ । यसरी हेर्दा सबै भन्दा बढी बोध तहका प्रश्नहरु रहेका छन् भने सबै भन्दा कम ज्ञान तहका प्रश्नहरु रहेका छन् ।

## ४.३ नेपाली पाठ्यपुस्तक २०७४ को अभ्यासमा समावेश भएका विविध तहका प्रश्नहरुको वर्गीकरणM

नेपाली पाठ्यपुस्तक २०७४ को नमुना अभ्यासमा रहेका ज्ञान, बोध, प्रयोग तथा उच्च तहका प्रश्नहरुलाई भाषिक सिपगत आधारमा समावेश गरिएको हुँदा सोही परिधिमा रही विविध तहका प्रश्नहरुको वर्गीकरण गरिएको छ ।

### ४.३.१ नेपाली पाठ्यपुस्तक २०७४ को अभ्यासमा समावेश भएका ज्ञानात्मक तहका प्रश्नहरुको वर्गीकरणM

## ;'gfO l;k cGt{ut

पाठको २२ औं अनुच्छेद सुनी निर्विकार,क्षोभ र आवेग शब्दको अर्थ बताउनुहोस् ।

(पाठ १६, पृ.स. १५७ , जम्मा शब्द सङ्ख्या ३)

**बोलाइ सिप अर्न्तगत**

**शब्दार्थ**

प्रहर, स्वजन, दुर्दशा आदि (पाठ १, पृ.स. ६ , जम्मा शब्द सङ्ख्या १२)

अथाह, पर्यावरण, पहिचान आदि (पाठ ४, पृ.स. ३३ , जम्मा शब्द सङ्ख्या १२)

**लेखाइ सिप अर्न्तगत**

**पर्यायवाची शब्दहरु**

निन्दा, झगडा, शिष्ट आदि (पाठ १०, पृ.स. ९७ , जम्मा शब्द सङ्ख्या ९)

**विविध प्रश्नहरु**

पाठमा प्रयुक्त लेख्य चिन्हहरुको पहिचान (पाठ ११, पृ.स. ११२ , जम्मा प्रश्न सङ्ख्या १२)

दीर्घ, ईर्ष्या, वीर्य आदि तथा पिर्का, पिलिक्क, गिर्न आदि शब्दहरुको लेखाइमा पाइने भिन्नता पहिचान गर्नुहोस् ।

(पाठ १४, पृ.स. १३९ , जम्मा प्रश्न सङ्ख्या १)

प्रस्तुत वर्गीकरणलाई हेर्दा नेपाली पा.पु.२०७४ मा समावेश ज्ञान तहका प्रश्नहरुलाई हेर्दा भाषिक सिपगत आधारमा वर्गीकरण गरिएको पाइन्छ । जसमा जम्मा सुनाइ तथा बोलाइ सिप अन्तर्गत शब्दार्थ शिक्षणमा जम्मा ३९ शब्दहरु रहेका छन । त्यसै गरी लेखाइ सिप अन्तर्गत ९ओटा पर्यायवाची शब्दका साथै विविध प्रश्नहरु रहेका छन् भने लेखाइ सिप अन्तर्यत कुनै प्रश्न रहेका छैनन् ।

## ४.३.२ नेपाली पाठ्यपुस्तक २०७४ को अभ्यासमा समावेश भएका बोधात्मक तहका प्रश्नहरुको वर्गीकरणM

## ;'gfO l;k cGt{ut

श्रुति लेखन (जम्मा प्रश्न सङ्ख्या ११, पाठ १ देखि १६ सम्म )

**छोटो उत्तरात्मक प्रश्नहरु**

(क) थाङ्काको अर्थ के हो ? (पाठ ४, पृ.स. ३३ , जम्मा प्रश्न सङ्ख्या ५)

(ख) किन कुमारको आँखा रसाए ? (पाठ ५, पृ.स. ४१ , जम्मा प्रश्न सङ्ख्या ५)

(ग) चिठी कसले कसलाई लेखेको हो ? (पाठ ६, पृ.स. ४६ , जम्मा प्रश्न सङ्ख्या ५)

(घ) शोभाले किन हर्षाश्रु झारिन् ? (पाठ ७, पृ.स. ६४ , जम्मा प्रश्न सङ्ख्या ५)

(ङ) 'म एमएस्सी पास भएँ, सबैभन्दा पहिला भएछु ।' कसले कसलाई भनेको हो ?

(पाठ ७, पृ.स. ६४ , जम्मा प्रश्न सङ्ख्या ५)

(च) पानी परेपछि खहरे खोला कसरी बग्न थाल्छ ? (पाठ ८, पृ.स. ७३ , जम्मा प्रश्न सङ्ख्या ६)

(छ) विज्ञानको सापेक्षता भनेको के हो ? (पाठ ९,पृ.स. ८४ , जम्मा प्रश्न सङ्ख्या ७)

(ज) विश्वव्यापीकरण भनेको के हो ? (पाठ १०, पृ.स. ९५, जम्मा प्रश्न सङ्ख्या २)

(झ) ७७ औं अनसच्छेदमा मानिसहरु के के गरिरहेका थिए ? (पाठ ११, पृ.स.,११० , जम्मा प्रश्न सङ्ख्या १)

(ञ) क्लाराको बुबाको नाम के थियो ? (पाठ १२, पृ.स. १२१ , जम्मा प्रश्न सङ्ख्या ५)

(ट) हाँडीघोप्टे भुँडी कस्तो हुन्छ ? (पाठ १३, पृ.स. १२९ , जम्मा प्रश्न सङ्ख्या ५)

(ठ) कविताको पहिलो अनुच्छेद सुनी सडकले के गर्न सक्तैन भन्नुहोस् ।(पाठ १४, पृ.स.१३७,जम्मा प्रश्न सङ्ख्या २)

(ड) पाठको १ देखि ५ अनुच्छेद सुनी पात्रहरु कुन विषयमा छलफल गर्दैछन्, भन्नुहोस् ।

(पाठ १५, पृ.स. १४६ , जम्मा प्रश्न सङ्ख्या २)

## बोलाइ सिप अर्न्तगत

(क) लक्ष्मणको चरित्र तपाईँलाई कस्तो लाग्यो ? पाठका आधारमा भन्नुहोस् ।

(पाठ १ जम्मा पृ.स. ६ प्रश्न सङ्ख्या १)

(ख) थाङ्का लेख्ने कपडा कसरी तयार हुन्छ ? तेस्रो अनुच्छेदका आधारमा भन्नेहोस् ।

(पाठ ४, पृ.स. ३३ , जम्मा प्रश्न सङ्ख्या १)

(ग) किन दाजुभाइका बिच ठाकठुक भयो ? ३६ औं अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ ७, पृ.स. ६५ , जम्मा प्रश्न सङ्ख्या ४)

(घ) 'वर्षा' कविताका लेखक को हुन् ? (पाठ ८, पृ.स. ७४ , जम्मा प्रश्न सङ्ख्या ५)

(ङ) किन लालकी आमाले लक्ष्मीपूजाका समान र मिठाई नकिनेकी हुन्, बताउनुहोस् ।

(पाठ ११, पृ.स.११० , जम्मा प्रश्न सङ्ख्या १)

(च) क्लारा जेटकिनको वैवाहिक जीवन कस्तो रह्यो ? पाठका आधा।मा भन्नुहोस् ?

(पाठ १२, पृ.स.१२१ , जम्मा प्रश्न सङ्ख्या १)

(छ) कमानसिंहले एक दिनमा कति रुपैयाँ कमाउछ ? अहिले भए कति कमाउथे होला भन्नुहोस् ।

(पाठ १५, पृ.स.१४६ , जम्मा प्रश्न सङ्ख्या १)

## पढाइ सिप अर्न्तगत

(क) अ.लक्ष्मण केमा हराइरहेका थिए ? चौथो अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ १, पृ.स. ६ , जम्मा प्रश्न सङ्ख्या ५)

आ.देउडा कस्तो गीत हो ? अनुच्छेद पढी उत्तर लेख्नुहोस् ।

(पाठ १, पृ.स. ६ , जम्मा प्रश्न सङ्ख्या ५)

(ख) कस्तो मानिसलाई चैन हुदैन ? कविता पढी उत्तर दिनुहोस् । (पाठ २, पृ.स.१२ , जम्मा प्रश्न सङ्ख्या ५)

(ग) अ.रुइतको सपनालाई साकार पार्न ककसले साथ दिए ? दसौँ अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ ३, पृ.स. २३ , जम्मा प्रश्न सङ्ख्या ५)

आ. साँघुको आकार प्रकार कस्तो थियो ? अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ ३, पृ.स. २३ , जम्मा प्रश्न सङ्ख्या ५)

(घ) पाठको पाँचौ अनुच्छेद पढी थाङ्काका मूख्य देउताका रङको सूची बनाउनुहोस् ।

(पाठ ४, पृ.स. ३४ , जम्मा प्रश्न सङ्ख्या २)

(ङ) नवौं अनसच्छेद पढी कुन क्षेत्रमा जानका लागि कुन कुन विषय पढ्नुपर्छ, सूची बनाउनुहोस् ।

(पाठ ५, पृ.स. ४१ , जम्मा प्रश्न सङ्ख्या ३)

(च) सिङ्गो हिमाल किन मुसुक्क मुस्कुरायो ? अनुच्छेद पढी उत्तर लेख्नुहोस् ।

(पाठ पृ.स. पेज न. ४७ , जम्मा प्रश्न सङ्ख्या ५)

(छ) हाम्रा मौलिक अधिकारभित्र के के कुरा समेटिनुपर्ला ? अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ ७, पृ.स. ६६ , जम्मा प्रश्न सङ्ख्या ५)

(ज) अ. वर्षामा विज्जुले के भर्छन् ? छैठौँ श्लोक पढी उत्तर दिनुहोस् । (पाठ ८, पृ.स. ७५ ,जम्मा प्रश्न सङ्ख्या ५)

आ. पृथ्वीले कसरी कलिलोपन लिएकी हुन् ? अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ ८, पृ.स. ७५ , जम्मा प्रश्न सङ्ख्या ५)

(झ) संस्कृति भनेको के हो ? निबन्ध पढी छोटो उत्तर दिनुहोस् । (पाठ ९,पृ.स. ८५ , जम्मा प्रश्न सङ्ख्या ३)

(ञ) स्थानीयकरण भनेको के हो ? छैटौं अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ १०, पृ.स. ९६ , जम्मा प्रश्न सङ्ख्या ५)

(ट) शिव मन्दिर कसले बनाएको हो ? कथांश पढी उत्तर दिनुहोस् ।

(पाठ ११, पृ.स.१११ , जम्मा प्रश्न सङ्ख्या ६)

(ठ) लेखकलाई कस्तो ठाउँ मन पर्छ ? अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ १२, पृ.स.१२२ , जम्मा प्रश्न सङ्ख्या ५)

(ड) मपाइँत्व बन्नु भनेको के हो ? अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ १३, पृ.स.१३१ , जम्मा प्रश्न सङ्ख्या ५)

(ढ) दिदिहरु र भाइको नाम के के थियो ? अनुच्छेद पढी उत्तर दिनुहोस् ।

(पाठ १४, पृ.स.१३८ , जम्मा प्रश्न सङ्ख्या ७)

(ण) 'टीका' एकाङ्की कसले लेखेको हो ? पाठ पढी मौखिक उत्तर दिनुहोस् ।

(पाठ १५, पृ.स.१४७ , जम्मा प्रश्न सङ्ख्या ५)

**लेखाइ सिप अन्तर्गत**

(१) अनु लेखन (जम्मा प्रश्न सङ्ख्या ४ )

(२) शब्द पहिचान (जम्मा प्रश्न सङ्ख्या ३ )

(३) श्रुति लेखन (जम्मा प्रश्न सङ्ख्या १ )

## छाटो/संक्षिप्त उत्तरात्मक प्रश्नहरु

(क) लङ्का सहर कस्तो थियो ? (पाठ १, पृ.स. ७ , जम्मा प्रश्न सङ्ख्या ५)

(ख) कवि के के कुरामा टम्म र डम्म हुन्छन् ? (पाठ २, पृ.स.१२ , जम्मा प्रश्न सङ्ख्या ५)

(ख) रुइतको बाल्यकाल कस्तो थियो ? (पाठ ३, पृ.स. २४ , जम्मा प्रश्न सङ्ख्या ५)

(ग) थाङ्काको सुरुवात र विकास के कसरी भएको हो ? (पाठ ४, पृ.स. ३५ , जम्मा प्रश्न सङ्ख्या ५)

(घ) कुमारका आमाबुबा के काम गर्छन ? (पाठ ५, पृ.स. ४२ , जम्मा प्रश्न सङ्ख्या ५)

(ङ) ‘प्रत्यागमन’ कथाको मूख्य आशय के हो ? (पाठ ७, पृ.स. ६६ , जम्मा प्रश्न सङ्ख्या ५)

(च) वर्षा ऋतुका विशेषताहरु के के हुन् ? (पाठ ८, पृ.स. ७६/७७ , जम्मा प्रश्न सङ्ख्या ९)

(छ) मातृभाषाको के महत्व हुन्छ ? (पाठ १०, पृ.स. ९७ , जम्मा प्रश्न सङ्ख्या ६)

(ज) लालले कसरी लक्ष्मीपूजा सम्पन्न गर्‍यो ? (पाठ ११, पृ.स.११२ , जम्मा प्रश्न सङ्ख्या ५)

(झ) क्लारा कसरी ओसिपसँग नजिक भइन् ? (पाठ १२, पृ.स.१२२/१२३ , जम्मा प्रश्न सङ्ख्या ५)

(ञ) ‘जय भुँडी’ निबन्धको मूल आशय के हो ? (पाठ १३, पृ.स.१३२ , जम्मा प्रश्न सङ्ख्या ४)

(ट) नेपालका सडकले भोग्नु परेका समस्या के के हुन् ? (पाठ १४, पृ.स.१३९ , जम्मा प्रश्न सङ्ख्या ५)

(ठ) 'टिका' एकाङ्कीले दिने सन्देश के हो ? (पाठ १५, पृ.स.१४७ , जम्मा प्रश्न सङ्ख्या ५)

(ठ) माउजङ बाबु साहेबको स्वभाव कस्तो थियो ? (पाठ १६, पृ.स.१५९ , जम्मा प्रश्न सङ्ख्या ५)

प्रस्तुत वर्गीकरणलाई हेर्दा बोध तहका प्रश्नहरुमा जम्मा २४३ प्रश्न रहेका छन्, जस मध्ये सुनाइ सिप अन्तर्गत ११ ओटा >ति लेखन रहेका छन् जुन जम्मा प्रश्नको ४.५% रहेको छ । त्यसै गरी ५५ ओटा छोटो उत्तरात्मक प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको २२.६३% रहेको छ । त्यसै गरी बोलाइ सिप अन्तर्गत १४ ओटा छोटो उत्तरात्मक प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको ५.७६% रहेको छ भने पढाइ सिप अन्तर्गत ८६ ओटा छोटो उत्तरात्मक प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको ३५.३९% रहेको छ । त्यसै गरी लेखाइ सिप अन्तर्गत ६९ ओटा संक्षिप्त उत्तरात्मक प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको २८.३९% रहेको छ भने ४ ओटा अनु लेखन, ३ ओटा हब्द पहिचान तथा १ >ति लेखन रहेका छन् ।

### ४.३.३ नेपाली पाठ्यपुस्तक २०७४ को अभ्यासमा समावेश भएका प्रयोगात्मक तहका प्रश्नहरुको वर्गीकरणM

## ;'gfO l;k cGt{ut

### ठिक बेठिक छुट्याउने प्रश्नहरु

(क) दृष्टिविहिन हुनको मूख्य कारण जलविन्दु हो । (पाठ ३, पृ.स. २१, जम्मा प्रश्न सङ्ख्या ५)

(ख) जहाँ विविधता हुन्छ त्यहाँ अनेक सम्भावना हुदैन । (पाठ ४, पृ.स. ३३ , जम्मा प्रश्न सङ्ख्या ६)

(ग) 'तरुण तपसी' किताबका लुखक माधव घिमिरे हुन् । (पाठ ६, पृ.स. ४६ , जम्मा प्रश्न सङ्ख्या ५)

(घ) एकल प्रयत्नबाट सम्भव नहुने काम त्यतिकै छाडिन्छ । (पाठ १२, पृ.स.१२१ , जम्मा प्रश्न सङ्ख्या ६)

## खाली ठाउँ भर्ने प्रश्नहरु

(क) रुइत ..................का सुरुवातकर्ता पनि हुन् । (पाठ ३, पृ.स. २१ , जम्मा प्रश्न सङ्ख्या ५)

(ख) प्रत्येक व्यक्ति भुँडीको एक ..........हो । (अवसर, अवतार, अन्तरिक्ष ) (पाठ १३, पृ.स.१२९ , जम्मा प्रश्न सङ्ख्या ५)

**स–स्वर वाचन** (पाठ ८, पृ.स. ७३ , जम्मा प्रश्न सङ्ख्या १)

**वाक्य निर्माण** (पाठ १३, पृ.स.१३० , जम्मा प्रश्न सङ्ख्या १)

## बोलाइ सिप अर्न्तगत

## शुद्धोच्चारण

(क) अहङ्कार, हडप्नु, परास्त आदि (पाठ १, पृ.स. ६ , जम्मा शब्द सङ्ख्या ९)

(ख) मग्न, विलास, मिजास आदि (पाठ २, पृ.स.१२ , जम्मा शब्द सङ्ख्या १०)

(ग) दुर्गम, वर्गीय, व्यापारिक आदि (पाठ ३, पृ.स. २२ , जम्मा शब्द सङ्ख्या ५)

(घ) थाङ्का, अमिताभ, वज्रसत्व आदि (पाठ ४, पृ.स. ३३ , जम्मा शब्द सङ्ख्या ६)

(ङ) प्रवृत्ति, भाषण, तिरस्कार आदि (पाठ ५, पृ.स. ४१ , जम्मा शब्द सङ्ख्या ७)

(च) प्रबन्ध, उल्लिखित, बिक्री आदि (पाठ ६, पृ.स. ४६ , जम्मा शब्द सङ्ख्या ५)

(छ) दृष्य, प्रशंसा, आँचल आदि (पाठ ७, पृ.स. ६४ , जम्मा शब्द सङ्ख्या ५)

(ज) पाङ्ग्रा, घर्षी, पोल्ट आदि (पाठ ८, पृ.स. ७४ , जम्मा शब्द सङ्ख्या ५)

(झ) अनेकन्, समष्टि, जुक्ति आदि (पाठ ९,पृ.स. ८५ , जम्मा शब्द सङ्ख्या २०)

(ञ) सभाध्यक्ष, विद्वेष, संवाहक आदि (पाठ १०, पेज न. ९६ , जम्मा शब्द सङ्ख्या ८)

(ट) रबाफ, नासमभ्क, टन्टा आदि (पाठ ११, पृ.स.११० , जम्मा शब्द सङ्ख्या १८)

(ठ) गुणस्तरीय, अत्याधुनिक, स्वतन्त्रता आदि (पाठ १२, पृ.स.१२१ , जम्मा शब्द सङ्ख्या ९)

(ड) मान्छे, आखिर, देश आदि (पाठ १३, पृ.स.१३० , जम्मा शब्द सङ्ख्या ७)

(ढ) फन्को, निश्चल, अपेक्षा आदि (पाठ १४, पृ.स.१३७ , जम्मा शब्द सङ्ख्या २४)

(ण) क्रोधी, चछु, पर्यन्त आदि (पाठ १६, पृ.स.१५७ , जम्मा शब्द सङ्ख्या २४)

## वाक्यमा प्रयोग गर्ने प्रश्नहरु

(क) मस्त, सीमा, सुगन्ध आदि (पाठ २, पृ.स.१२ , जम्मा शब्द सङ्ख्या ७)

(ख) शल्यक्रिया, सङ्कीर्ण, अन्तरिक्ष आदि (पाठ ३, पृ.स. २२ , जम्मा शब्द सङ्ख्या ४)

(ग) स्वर्णपदक, प्रवृत्ति, अपवाद आदि (पाठ ५, पृ.स. ४१ , जम्मा शब्द सङ्ख्या ६)

(घ) जमात, कडी, एकाकार आदि (पाठ ९,पृ.स. ८५ , जम्मा शब्द सङ्ख्या २३)

(ङ) हातमुख जोड्नु, गुनासो गर्नु आदि (पाठ १३, पृ.स.१३० , जम्मा सङ्ख्या ५)

(च) खिन्न, मुद्रा, चिरञ्जीवी आदि (पाठ १५, पृ.स.१४६ , जम्मा शब्द सङ्ख्या ५)

(छ) बिर्ता, जफत, विरुप आदि (पाठ १६, पृ.स.१५८ , जम्मा शब्द सङ्ख्या ११)

## गति, यति मिलाई वाचन गर्ने प्रश्नहरु

(क) कविताको १२ औं र १३ औं श्लोक वाचन गर्नुहोस् । (पाठ २, पृ.स.१२ , जम्मा प्रश्न सङ्ख्या १)

## सस्वर वाचन

(क) कथाको तीसौं अनुच्छेद सस्वर वाचन गर्नुहोस् । (पाठ ७, पृ.स.६४ , जम्मा प्रश्न सङ्ख्या १)

(ख) चौथो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।        (पाठ ९,पृ.स.८५ , जम्मा प्रश्न सङ्ख्या १)

## पढाइ सिप अर्न्तगत

### स-स्वर वाचन

पाठका अनुच्छेदहरु पालैपालो पढ्नुहोस् ।     (पाठ १,३,४,५,६,७,९,१०,११,१२,१३,१५,१६ जम्मा प्रश्न सङ्ख्या १४)

### गति, यति मिलाई वाचन गर्ने प्रश्नहरु

पाठको कविता पालैपालो गति,यति र लय मिलाई वाचन गर्नुहोस् । (पाठ २,८,१४जम्मा प्रश्न सङ्ख्या ३)

## लेखाइ सिप अर्न्तगत

### वाक्यमा प्रयोग गर्ने प्रश्नहरु

(क) स्मृति, आग्रह,योग्य आदि       (पाठ १, पृ.स.७ , जम्मा शब्द सङ्ख्या ५)

(ख) अनेकार्थी शब्दलाई अलग अलग अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।

(पाठ ३, पृ.स.२४ , जम्मा शब्द सङ्ख्या १८)

(ग) सौन्दर्य, व्यापक, अनिष्ट आदि  (पाठ ४, पृ.स.३४ , जम्मा शब्द सङ्ख्या १२)

(घ) पेस्की, भुक्तानी, भौचर आदि   (पाठ ६, पृ.स.४९ , जम्मा शब्द सङ्ख्या ५)

(ङ) सङ्कुचित, स्थानीयकरण, भोगवादी आदि  (पाठ १०, पृ.स. ९७ , जम्मा शब्द सङ्ख्या ६)

(च) सूचित, उत्सुक, आभा आदि          (पाठ ११, पृ.स.१११ , जम्मा शब्द सङ्ख्या १०)

(छ) गुणस्तरीय, जीवन, मताधिकार आदि       (पाठ १२, पृ.स.१२२ , जम्मा शब्द सङ्ख्या ८)

(ज) कवाज, भेल, फुल             (पाठ १४, पृ.स.१३८ , जम्मा शब्द सङ्ख्या ९)

### तालिका बनाउने  प्रश्न

(क) तालिकामा ह्रस्व लेखिने शब्दका उदाहरण हेरी थप १० ओटा शब्दहरु तालिकामा लेख्नुहोस् ।

(पाठ १ जम्मा पृ.स.७ प्रश्न सङ्ख्या १)

(ख) विश्वव्यापीकरणका राम्रा नराम्रा पक्षहरु के के हुन् , तालिकामा देखाउनुहोस् ।

(पाठ १०, पृ.स. ९७ , जम्मा प्रश्न सङ्ख्या १)

(ग) तालिकामा उच्चारण र लेखाइमा पाइने समानता र भिन्नताका केहि उदाहरण दिइएको छ, थप उदाहरण खोज्नुहोस् । (पाठ १०, पृ.स. ९८ , जम्मा प्रश्न सङ्ख्या २)

(घ) तालिकामा दिइएका शब्दहरुको भिन्नता पहिचान गरी त्यही अनुसार लेखनको अभ्यास गर्नुहोस् ।

(पाठ १४, पृ.स.१३९ , जम्मा प्रश्न सङ्ख्या १)

## पाठबाट शब्द टिप्ने प्रश्नहरु

(क) पाठबाट दीर्घ ईकार लागेका शब्दहरु टिप्नुहोस् । (पाठ २, पृ.स.१३ जम्मा प्रश्न सङ्ख्या १)

(ख) पाठको छैँटौ अनुच्छेदबाट 'श' र 'स' को प्रयोग भएका शब्दहरु लेख्नुहोस् ।

(पाठ ३, पृ.स.२४ , जम्मा प्रश्न सङ्ख्या १)

(ग) पाठबाट उच्चारण र लेखाइ दुवैमा 'ब' हुने शब्दहरु टिपी सूचीकृत गर्नुहोस् ।

(पाठ ४, पृ.स.३५ , जम्मा प्रश्न सङ्ख्या २)

(ग) पाठमा प्रयुक्त ह्वैन, नतरसुन, बिजूली आदि शब्दहरुलाई प्रचलित वर्णविन्यास अनुसार सच्याएर लेख्नुहोस् ।

(पाठ ८, पृ.स.७७ , जम्मा प्रश्न सङ्ख्या १)

(घ) पाठबाट खुट्टो काटेका १० ओटा शब्दहरु खोजेर लेख्नुहोस् ।

(पाठ १०, पृ.स. ९८/९९ , जम्मा प्रश्न सङ्ख्या ४)

## शुद्ध गरी सार्ने प्रश्नहरु

(क) बाँकी रकम पुष्टकहरुका साथै विल प्राप्त हुनासाथ भूक्तानि गरीने बेहोरा अनुरोद गरीन्छ ।

(पाठ ६, पृ.स.५० , जम्मा प्रश्न सङ्ख्या १)

(ख) सोभाले गहभरी आसु पारेर भनीन् दाजु सँगएक वचन नसोधिकन जाने ?

(पाठ ७, पृ.स.६६ , जम्मा प्रश्न सङ्ख्या १)

(ग) प्रतेक भुडी मिलेर देश वा समाजको विसाल भुँडी बन्छ र विशाल विशाल पनि जुट्दा भुँडीको बिराट रुप वोध हुन्छ । (पाठ १३, पृ.स.१३३ , जम्मा प्रश्न सङ्ख्या १)

## शब्दहरु शुद्ध गरी अभ्यास पुस्तिकामा सार्ने

(क) अँध्यारो, आँट, ग्याँस, ज्ञात आदि (पाठ ११, पृ.स.११२, जम्मा प्रश्न सङ्ख्या २)

(ख) धीर, वीर, नीति आदि (पाठ १४, पृ.स.१३९ , जम्मा प्रश्न सङ्ख्या १)

## जोडा मिलाउने प्रश्नहरु

(क) शब्दकोश हेरेर शब्द र अर्थको जोडा मिलाउनुहोस् । (पाठ ११, पृ.स.११२ , जम्मा प्रश्न सङ्ख्या १)

### तथ्या<sup>a</sup>्क विष्लेषण

प्रस्तुत वर्गीकरणलाई हेर्दा प्रयोग तहका प्रश्नहरुमा जम्मा १०३ प्रश्न रहेका छन्, जस मध्ये सुनाइ सिप अन्तर्गत ३४ ओटा k|Zgx? रहेका छन् जुन जम्मा प्रश्नको ३३% रहेको छ । त्यसै गरी बोलाइ सिप अन्तर्गत २५ प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको

२४.२७% रहेको छ भने पढाइ सिप अन्तर्गत १५ ओटा प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको १४.५६% रहेको छ । त्यसै गरी लेखाइ सिप अन्तर्गत २९ ओटा प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको २८.१५% रहेको छ ।

### ४.३.४ नेपाली पाठ्यपुस्तक २०७४ को अभ्यासमा समावेश भएका उच्च तहका प्रश्नहरुको वर्गीकरणM

## ;'gfO l;k cGt{ut

## ;f/f+z eGg] k|Zgx?

(क) पाठको दसौँ अनुच्छेद सुन्नुहोस् र त्यसको सार भन्नुहोस् । (पाठ ४, पृ.स.३३ , जम्मा प्रश्न सङ्ख्या १)

(ख) निबन्धको नवौँ अनुच्छेद सुन्नुहोस् र त्यसको सारांश भन्नुहोस् । (पाठ ९,पृ.स.८४ , जम्मा प्रश्न सङ्ख्या १)

(ग) पाठका शुरुका छ ओटा अनुच्छेद सुन्नुहोस् र लाल, मान र प्रेमको कुराकानीको सार बताउनुहोस् ।

(पाठ ११, पृ.स.११० , जम्मा प्रश्न सङ्ख्या १)

(घ) पाठको १२ औँ अनुच्छेद सुनी त्यसमा व्यक्त भएको विचारलाई सारांशमा लेख्नुहोस् ।

(पाठ १३, पृ.स.१३० , जम्मा प्रश्न सङ्ख्या १)

(ङ) नवौँ अनुच्छेद सुनी सारांश भन्नुहोस् । (पाठ १६, पृ.स.१५७ , जम्मा प्रश्न सङ्ख्या १)

**विचारात्मक तथा निष्कर्षात्मक प्रश्नहरु**

(क) पाठको पहिलो र दोस्रो श्लोक सुन्नुहोस् र कविको विचारसँग तपाइँको के के कुरामा सहमति छ, भन्नुहोस् ।

(पाठ २, पृ.स.११ , प्रश्न सङ्ख्या १)

(ख) पाठको ३१ औँ अनुच्छेद सुनी त्यसमा व्यक्त गरिएका कुरालाई कक्षामा सुनाउनुहोस् ।

(पाठ ७, पृ.स.६४ , प्रश्न सङ्ख्या १)

## बोलाइ सिप अर्न्तगत

### सारांश भन्ने प्रश्नहरु

(क) तपाईंले सुनेको कुनै पौराणिक कथा छोटकरमि सुनाउनुहोस् । (पाठ १ पृ.स.६प्रश्न सङ्ख्या १)

### बुँदा टिपोट

(क) तपाईंका आफ्ना इच्छा के छन् ? बुँदा बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

(पाठ २ पृ.स.१२ प्रश्न सङ्ख्या १)

(ख) पाठमा कस्ता कस्ता भुँडीको बारुमा व्यङ्ग्य गरिएको छ ? बुँदा बनाउनुहोस् र कक्षामा सुनाउनुहोस् ।

(पाठ १३ पृ.स.१३० प्रश्न सङ्ख्या १)

### संवाद लेखन

(क) संदुकलाई पढ्न पढाउने बारेमा पिता सोनाम र माता केसाङको कुराकानीलाई अभिनयसहित संवादको रुपमा प्रस्तुत गर्नुहोस् । (पाठ ३ पृ.स.२३ प्रश्न सङ्ख्या १)

(ख) कुनै दुई जना साथीहरु उठेर कक्षामा वर्षा ऋतुको बारेमा संवाद गर्नुहोस् ।

(पाठ ८ पृ.स.७४प्रश्न सङ्ख्या १)

(ग) एउटै कक्षमा पढ्ने भिन्न भिन्न संस्कृतिका दुई साथिहरुका बिचमा कुराकानी गरी हाउभाउसहित कक्षामा प्रस्तुत गर्नुहोस् । (पाठ ९ पृ.स.८५ प्रश्न सङ्ख्या १)

(घ) के विश्वमा भइरहेका युद्धहरु भुँडीकै समस्याबाट उब्जिएका हुन् ? कक्षाका कुनै दुईजना साथीहरु उठेर हाउभाउसहित संवाद गर्नुहोस् । (पाठ १३ पृ.स.१३० प्रश्न सङ्ख्या १)

(ङ) पाठको कथा कस्तो लाग्यो ? दुईजना साथीहरु मिलेर संवाद गर्नुहोस् ।

(पाठ १६ पृ.स.१५८ प्रश्न सङ्ख्या १)

## तर्किक प्रश्नहरु

(क) थाङ्का कलाको उत्कृष्ट रुप हो भनने विषयलाई आफ्ना तर्कद्वारा पुष्टि गर्नुहोस् ।

(पाठ ४ पृ.स.३३ प्रश्न सङ्ख्या १)

(ख) ‘‘मान्छेले कुनै एउटा विषयमा विषेशज्ञता हासिल गर्ने हो’’ भन्ने कुमारको भनाइसँग तपाइँको सहमति वा असहमति के छ ? तर्कसहित जवाफ दिनुहोस् । (पाठ ५ पृ.स.४१ प्रश्न सङ्ख्या १)

(ग) ‘प्रत्यागमन’ कथाको शीर्षक कतिको उपयुक्त छ ? आफ्ना तर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

(पाठ ७ पृ.स.६४ प्रश्न सङ्ख्या १)

## विचारात्मक, काराणत्मक तथा निष्कर्षात्मक प्रश्नहरु

(क) अपाङ्गता भएका व्यक्तिलाई दया होइन, अवसर दिनुपर्छ भन्ने विषयमा कक्षामा छलफल गर्नुहोस् ।

(पाठ ५ पृ.स.४१ प्रश्न सङ्ख्या १)

(ख) पाठमा भनेअनुसारका किताबहरुमध्ये कुनै एक किताबका बारेमा कक्षामा सुनाउनुहोस् ।

(पाठ ६ पृ.स.४६ प्रश्न सङ्ख्या ५)

(ग) रामुको जस्तो प्रत्यागमन अवस्था समाजमा कसैले पनि भाग्न नपरोस् भन्नका लागि ककसले के के गर्नुपर्ला, भन्नुहोस् । (पाठ ७ पृ.स.६४ प्रश्न सङ्ख्या १)

(घ) पाठका आधारमा वर्षा ऋतसमा देखिने परिवर्तनको बारेमा समुह बनाएर छलफछ गर्नुहोस् ।

(पाठ ८ पृ.स.७४ प्रश्न सङ्ख्या १)

(ङ) तपाइँ आफूलाई स्वदेशप्रति कस्तो धारण राख्ने व्यक्तिको रुपमा चिनाउन चाहनुहुन्छ, कक्षामा सुनाउनुहोस् ।

(पाठ ९ पृ.स.८५ प्रश्न सङ्ख्या १)

(च) विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीका पक्षमा छ, कसरी ? पाठको १२ औँ अनुच्छेदका आधारमा भन्नुहोस् ।

(पाठ १०, पृ.स. ९६ , प्रश्न सङ्ख्या ३)

(छ) जुवा, तास जस्ता पैसा हानमार हुने खेल खेल्नु हुन्न भन्ने विषयमा कक्षामा छलफल गर्नुहोस् र छलफलको निष्कर्षलाई कक्षामा सुनाउनुहोस् । (पाठ ११ पृ.स.११० प्रश्न सङ्ख्या १)

(ज) विवाहपछि पतिको थर राख्ने चलन तपाईँलाई कस्तो लाग्छ ? कक्षामा छलफल गर्नुहोस् र निष्कर्ष अभ्यास पुस्तिकामा टिप्नुहोस् । (पाठ १२ पृ.स.१२१ प्रश्न सङ्ख्या १)

(झ) 'जय भुँडी' निबन्धको शीर्षक कतिको उपयुक्त छ, समुहमा छलफल गरी निष्कर्ष निकाल्नुहोस् र कक्षमा सुनाउनुहोस् । (पाठ १३ पृ.स.१३० प्रश्न सङ्ख्या १)

(ञ) कविताको चौथो परिच्छेदमा के भनिएको छ, 'म सडक बोल्दैछु' कविताको आधारमा उत्तर दिनुहोस् ।

(पाठ १४ पृ.स.१३७ प्रश्न सङ्ख्या २)

(ट) लेखकले अहिले जस्तो लाखौ नेपाली युवाहरु विदेश गएको देखेको भए 'टीका' एकाङ्कीमा भएका कुनकुन संवादलाई कसरी परिवर्तन गर्थे होला ? कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् । (पाठ १५ पृ.स.१४६ प्रश्न सङ्ख्या १)

## पढाइ सिप अन्तर्गत

## सारांश लेखन

(क) पाठको एघारौं अनुच्छेद मौन पठन गर्नुहोस् र चार ओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।

(पाठ ३ पृ.स.२३ प्रश्न सङ्ख्या १)

(ख) दिइएको अनुच्छेद पढी सारांश लेख्नुहोस् । (पाठ ४ पृ.स.. ३४ प्रश्न सङ्ख्या १)

(ग) पाठको दशौं अनुच्छेदको सारांश लख्नुहोस् । (पाठ १० पृ.स. ९६ प्रश्न सङ्ख्या १)

(घ) पाठको ८८ औँ अनुच्छेद पढी सारांश लेख्नुहोस् । (पाठ ११ पृ.स.१११ प्रश्न सङ्ख्या १)

## बुँदा टिपोट

(क) पाठको दशौं अनुच्छेद पढी मुख्य मुख्य चार ओटा बुँदाहरु टिप्नुहोस् । (पाठ १ पृ.स.६ प्रश्न सङ्ख्या १)

(ख) पाठको छैटौं,सातौं र आठौं अनुच्छेद पढी प्रत्येकबाट मुख्य मुख्य बुँदाहरु टिप्नुहोस् ।

(पाठ ४ पृ.स.३४ प्रश्न सङ्ख्या १)

(ग) कथा पढैको आधारमा रामुसित सम्बन्धित  कुराहरु पाँच ओटा बुँदामा टिपोट गर्नुहोस् ।

(पाठ ७ पृ.स.६५ प्रश्न सङ्ख्या १)

(घ) पाठको एघारौं अनुच्छेद पढी मुख्य मुख्य बुँदा टिपोट गर्नुहोस् ।

(पाठ १० पृ.स. ९६ प्रश्न सङ्ख्या १)

(a) दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् । (पाठ १६ पृ.स.१५८ प्रश्न सङ्ख्या १)

## विचारात्मक, काराणात्मक तथा निष्कर्षात्मक प्रश्नहरु

(क) लेखक कस्तो चिन्तन बोकेका व्यक्ति हुन् भन्ने कुरा  अनुमान गर्नुभयो, पाठका आधारमा लेख्नुहोस् ।

(पाठ २ पृ.स.१२ प्रश्न सङ्ख्या १)

(ख) पाठको बाउन्नौ अनुच्छेद मनमनै पढ्नुहोस् र र रामुको दुर्दशा हुनाको कारण आÇनै शैलीमा लेख्नुहोस् ।

(पाठ ७ पृ.स.६५ प्रश्न सङ्ख्या १)

(ग) पाठ पढे पछि तपाइँ लेखकका कुन कुन विचारमा सहमत वा असहमत के हुनुहुन्छ, आÇनो धारण लेख्नुहोस् ।

(पाठ ९पृ.स.८५ प्रश्न सङ्ख्या १)

(घ) पाठको अन्तिम अनुच्छेद पढ्नुहोस र त्यसपछि के भयो होला < अनुमान गरी लेख्नुहोस् ।

(पाठ ११ पृ.स.१११ प्रश्न सङ्ख्या १)

(ª) पाठमा आमैले बोलेका संवाद राम्ररी पढ्नुहोस् र उनका विचार तपाइँलाई कस्तो लाग्यो, तर्कसहित आÇनो धारणा लेख्नुहोस् । (पाठ १५ पृ.स.१४७ प्रश्न सङ्ख्या १)

## प्रश्न निर्माण गर्ने प्रश्न

(क) पाठको दोस्रो र तेस्रो श्लोक पढी छोटो उत्तर आउने तीन ओटा प्रश्न निर्माण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(पाठ ८ पृ.स.७५ प्रश्न सङ्ख्या १)

(ख) पाठका १२औं,१३औं, र १४औं अनुच्छेदहरु पढी कुनै पाँच ओटा प्रश्न बनाउनुहोस् ।

(पाठ १० पृ.स. ९६ प्रश्न सङ्ख्या १)

(ग) पाठको नवौं अनुच्छेद पढी पाँच ओटा प्रश्नहरु त्यार गर्नुहोस् । (पाठ १३ पृ.स.१३० प्रश्न सङ्ख्या १)

(घ) पाठको पाँचौ अनुच्छेद पढ्नुहोस् र पाँचओटा प्रश्न बनाउनुहोस् । (पाठ १६ पृ.स.६१५८प्रश्न सङ्ख्या १)

# लेखाइ सिप अर्न्तगत

## विवेचनात्मक प्रश्नहरु

(क) सुन्दर र सम्पन्न लª्काको राजकाज छाडेर किन राम अयोध्या फर्किए < कथाका आधारमा विवेचना गर्नुहोस् ।

(पाठ १ पृ.स.७ प्रश्न सङ्ख्या १)

(ख) थाª्काको प्रवर्धन गर्न सक्दा नेपाललाई के कस्ता फाइदा हुन्छन्, विवेचना गर्नुहोस् ।

(पाठ ४ पृ.स.३५ प्रश्न सङ्ख्या १)

(ग) परिवर्तित अवस्थामा अपªगता भएकाहरुले चिन्ता लिन किन आवश्यक छैन < पाठका आधारमा विवेचना गर्नुहोस् । (पाठ ५ पृ.स.. ४२ प्रश्न सङ्ख्या १)

(घ) 'प्रत्यागमन' कथामा कथाकारले नेपाली समाजका के कस्ता वास्तविकतालाई देखाउन खोजेका छन्, विवेचना गर्नुहोस् । (पाठ ७ पृ.स.६६ प्रश्न सङ्ख्या १)

(a) कविले वर्षा कवितामा प्रकृतिको वर्णन कुन रुपमा गरेका छन्, विवेचना गर्नुहोस् ।

(पाठ ८ पृ.स.७६ प्रश्न सङ्ख्या १)

(च) नेपालमा संस्कृतिको नाममा देखिएका विकृतिहरुको उदाहरणसहित विवेचना गर्नुहोस् ।

(पाठ ९पृ.स.८६ प्रश्न सङ्ख्या १)

(छ) विश्वव्यापीकरणका दुष्प्रभाव हटाउन स्थानीयकरण आवश्यक छ , विवेचना गर्नुहोस् ।

(पाठ १० पृ.स. ९७ प्रश्न सङ्ख्या १)

(ज) लक्ष्मीपूजा कथामा बाल मनोविज्ञानको प्रयोग के कसरी भएको छ , विवेचना गर्नुहोस् ।

(पाठ ११ पृ.स.११२ प्रश्न सङ्ख्या १)

(झ) महिला हक अधिकारका लागि क्लारा जेटकिनले के कस्ता काम गरिन्, विवेचना गर्नुहोस् ।

(पाठ १२ पृ.स.१२३ प्रश्न सङ्ख्या १)

(ञ) पाठमा दिइएको कविताको मूल आशय के हो, विवेचना गर्नुहोस् ।

(पाठ १४ पृ.स.१३९ प्रश्न सङ्ख्या १)

(ट) माउजa बाबुसाहेबको कथामा के कस्तो मनोविज्ञानको प्रयोग गरिएको छ, विवेचना गर्नुहोस् ।

(पाठ १६ पृ.स.१५९ प्रश्न सङ्ख्या १)

## व्याख्या तथा सप्रसa्ग व्याख्या

(क) मेरो विचारमा जनजी र जन्मभूमि स्वर्ग भन्दा पनि महान छन् । (पाठ १ पृ.स.७ प्रश्न सङ्ख्या २)

(ख) जहाँ विविधता हुन्छ त्यहा अनेक सम्भावना पनि हुन्छ । (पाठ ४ जम्मा पृ.स.३५ प्रश्न सङ्ख्या २)

(ग) अहो ! संसार कति मतलवी छ । (पाठ ७ पृ.स.६६ प्रश्न सङ्ख्या २)

(घ) बाली राम्रो, तृण अति हरा, वर्ष राम्रो कबूली

पारावारा प्रभु–हृदयको फुट्छ सaगीत केली ॥ (पाठ ८ पृ.स.७६ प्रश्न सङ्ख्या २)

(a) संस्कृतिको चरित्र परम्परागत हुन्छ तर अपरिवर्तनशील हुदैन । (पाठ ९पृ.स.८६ प्रश्न सङ्ख्या २)

(च) भुँडी जीवनकी निर्मात्री र विश्वकी अधिष्ठात्री हुन्, जसको पूजाआजा गर्नु पैाणी मात्रको प्रमूख कर्तव्य हो ।

(पाठ १३ पृ.स.१३२ प्रश्न सङ्ख्या २)

(छ) सर्प जस्तै सलल बगेर कसैलाई

तर्साउन सक्ने म होइन । (पाठ १४ पृ.स.१३९ प्रश्न सङ्ख्या २)

## बुँदा टिपोट तथा साराशं लेखन

(क) कविताको ९ देखि १२ श्लोकबाट मूख्यमूख्य बुँदा टिपी सार लेख्नुहोस् ।

(पाठ २ पृ.स.१२ प्रश्न सङ्ख्या १)

(ख) पाठको बारौं अनुच्छेदबाट पाँच ओटा बुँदा टिप्नुहोस् । (पाठ ३ पृ.स.२४ प्रश्न सङ्ख्या १)

(ग) कथाको अन्तिम अनुच्छेद पढी चार ओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् ।

(पाठ ७ पृ.स.६६ प्रश्न सङ्ख्या १)

(घ) पाठको दसौं अनुच्छेदबाट मुख्य मुख्य पाँच बुँदा टिपी सारांश लेख्नुहोस् ।

(पाठ ९पृ.स.८५ प्रश्न सङ्ख्या २)

(a) ११ औं अनुच्छेदबाट चार ओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् ।

(पाठ १३ जम्मा पृ.स.१३२ प्रश्न सङ्ख्या १)

(च) 'माउज^a बाबुसाहेबको कोट'कथाको सारांश लख्नुहोस् । (पाठ १६ पृ.स.१५९ प्रश्न सङ्ख्या १)

## अनुच्छेद लेखन

(क) 'n}^a\lus ;dfgtf' शीर्षकमा एउटा अनुच्छेद रचना गर्नुहोस् । (पाठ २ पृ.स.१२ प्रश्न सङ्ख्या १)

(ख) 'देशभक्ति' शीर्षकमा एउटा अनुच्छेद रचना गर्नुहोस् । (पाठ ९पृ.स.८६ प्रश्न सङ्ख्या १)

## निबन्ध तथा रचना

(क) 'मेरा सपनाहरु' शिर्षकमा बुँदाहरु टिपोट गरी निबन्धको रुपमा लेख्नुहोस् ।

(पाठ २ पृ.स.१२ प्रश्न सङ्ख्या १)

(ख) 'मानव सभ्यताको संरक्षण' भन्ने शीर्षकमा सर्वप्रथम शिक्षकबाट बुँदाहरु प्राप्त गर्नुहोस् र ती बुँदाहरुलाई समेटेर निबन्ध लेख्नुहोस् । (पाठ ९पृ.स. ८६ प्रश्न सङ्ख्या २)

(ग) कुनै हिमाल आरोहण गर्दाको अनुभव गरी २५०–३०० शब्द सम्मको रचना तयार पार्नुहोस् । (पाठ १२ पृ.स.१२३ प्रश्न सङ्ख्या १)

## भाव विस्तार

(क) आफूले जेमा राम्रो गर्न सकिन्छ, त्यसैमा मेहेनत गर्ने हो । (पाठ ५ पृ.स.४२ प्रश्न सङ्ख्या ३)

(ख) 'वर्षा' कविताको मूल भाव लेख्नुहोस् । (पाठ ८ पृ.स.७६ प्रश्न सङ्ख्या १)

## तार्किक प्रश्नहरु

(क) पाठको शीर्षक 'म पनि सक्छु' कतिको उपयुक्त छ < तर्क सहित आÇनो धारणा लेख्नुहोस् ।

(पाठ ५ पृ.स.४२ प्रश्न सङ्ख्या १)

(ख) यदि तपाइँ प्रत्यागमन कथाको रामुको ठाउँमा भएको भए आÇना छोराको पास्नीमा दाजु, भाउजु र छोराछोरीलाई बोलाउनुहुन्थ्यो कि हुदैनथ्यो < तार्किक उत्तर दिनुहोस् ।

(पाठ ७ पृ.स.६६ प्रश्न सङ्ख्या १)

(ग) "विविधतामा एकता र आपसी सहिष्णुता हाम्रो संस्कृतिको विशेषता हो ।" भन्ने भनाइलाई तर्कसहित पुष्टि गर्नुहोस् । (पाठ ९पृ.स.८६ प्रश्न सङ्ख्या १)

(घ) क्लारा जेटकिन अन्तराष्ट्रिय महिला दिवसकी प्रणेता हुन्, पुष्टि गर्नुहोस् ।

(पाठ १२ पृ.स.१२३ प्रश्न सङ्ख्या १)

(a) के 'जयभुँडी' निबन्धमा निबन्धकारले भने जस्तै कुनै दिन उन्नाइसौं महापुराणका रुपमा भुँडीपुराण जोडिएला, तार्किक उत्तर दिनुहोस् (पाठ १३ पृ.स.१३२ प्रश्न सङ्ख्या १)

(च) निर्दोष सडकलाई झुर, खत्तम र रद्दी भन्ने मानवलाई तपाइँ के सल्लाह दिन चाहनुहुन्छ < आÇनो प्रतिकिया लेख्नुहोस् । (पाठ १४ पृ.स.१३९ प्रश्न सङ्ख्या १)

(छ) यस एकाa्कीको शीर्षक 'टीका' कत्तिको ठिक छ < तर्कसहित आÇनो धारणा लेख्नुहोस् । (पाठ १५ पृ.स.१४७ प्रश्न सङ्ख्या ३)

## चिठी लेखन

(क) पाठमा दिइएको व्यापारिक चिठीको प्रत्युत्तरमा लेख्ने चिठीको तयार पार्नुहोस् ।

(पाठ ६ पृ.स.४९ प्रश्न सङ्ख्या ४)

## जीवनी लेखन

(क) दिइएको बुँदा समेटी गोविन्दबहादुर मल्ल 'गोठाले'को जीवनी लेख्नुहोस् ।

(ख) दिइएको बुँदा समेटी भवानी भिक्षुको जीवनी लेख्नुहोस् । (पाठ १६ पृ.स.१५९ प्रश्न सङ्ख्या १)

## संवाद लेखन

(क) 'युवाहरु आÇनै देशमा बसेर काम गर्नुपर्छ' भन्ने विषयमा एउटा संवाद तयार गर्नुहोस् ।

(पाठ १५ पृ.स.१४७ प्रश्न सङ्ख्या १)

## तथ्याªक विश्लेषण

प्रस्तुत वर्गीकरणलाई हेर्दा उच्च तहका प्रश्नहरुमा जम्मा १०६ प्रश्न रहेका छन्, जस मध्ये सुनाइ सिप अन्तर्गत ७ ओटा k|Zgx? रहेका छन् जुन जम्मा प्रश्नको ६.६% रहेको छ । त्यसै गरी बोलाइ सिप अन्तर्गत २८ प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको २६.४१% रहेको छ भने पढाइ सिप अन्तर्गत १८ ओटा प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको १६.९८% रहेको छ । त्यसै गरी लेखाइ सिप अन्तर्गत ५३ ओटा प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको ५०% रहेको छ ।

## ४.४ भाषिक सिपगत आधारमा अभ्यासको तुलनातमक अध्ययन

तालिका ५

| क.स. | भाषिक सिप | नेपाली २०६४ | | नेपाली २०७४ | |
|---|---|---|---|---|---|
| | | सªख्या | प्रतिशत | सªख्या | प्रतिशत |
| १ | सुनाइ | – | – | ५१ | १७.८४ |
| २ | बोलाइ | ४८ | २५.६७ | ६३ | २२.०३ |
| ३ | पढाइ | ८ | ४.२८ | ६२ | २१.६७ |
| ४ | लेखाइ | ९८ | ५२.४१ | ११० | ३८.४६ |
| ५ | सु.बो. | २ | १.०७ | – | – |
| ६ | सु.ले. | ३ | १.६० | – | – |
| ७ | प.ले. | १९ | १०.१७ | – | – |
| ८ | प.बो. | ८ | ४.२७ | – | – |
| ९ | बो.ले. | १ | ०.५३ | – | – |
| जम्मा | | १८७ | १०० | २८६ | १०० |

## तथ्याªक विष्लेषण

माथिको तालिका अनुसार भाषिक सिप सम्बन्धी अभ्यासहरूलाई ९ वटा आधारमा वर्गीकरण गरिएको छ । ' नेपाली २०६४ ' मा सुनाइ सिप अनर्तगत प्रश्न रहेका छैनन् तर 'नेपाली २०७४' मा ५१ वटा प्रश्नहरु रहेका छन् जुन जम्मा प्रश्नको १७.८४ प्रतिशत छ । ' नेपाली २०६४ ' बोलाई सिप विकास गर्ने जम्मा ४८ वटा अर्थात कूल सङ्ख्याको २५.६७

प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली २०७४' भित्र जम्मा ६३ वटा अर्थात २२.०३ प्रतिशत प्रश्नहरू रहेका छन् ।

' नेपाली २०६४' मा पढाइ सिप विकास गर्ने जम्मा ८ वटा अर्थात कूल सङ्ख्याको ४.२८ प्रतिशत प्रश्नहरू रहेका छन् भने 'नेपाली २०७४' भित्र पढाइ अन्तर्गत जम्मा ६२ वटा अर्थात २१.६७ प्रतिशत प्रश्नहरू रहेका छन् ।

लेखाइ सिप विकास गर्ने प्रश्नहरू ' नेपाली २०६४ ' मा जम्मा ९८ वटा अर्थात् ५२.४१ प्रतिशत रहेका छन् भने 'नेपाली २०७४' मा लेखाइ सिप विकास गराउने प्रश्नहरू जम्मा ११० वटा अर्थात ३८.४६ प्रतिशत प्रश्नहरू रहेका छन् । यस अनुसार हेर्दा प्रश्न सङ्ख्या 'नेपाली ७३' भित्र बढी भए पनि लेखाइ सिप विकास गर्ने प्रश्न प्रतिशत भने ' नेपाली २०६४ ' मा बढी देखिन्छ ।

त्यसै गरी ' नेपाली २०६४ ' संयुक्त भाषिक सिप विकास (सु.बो, सु.ले.,प.ले.,प.बो.,बो.ले.) का विविध प्रश्नहरु रहेका छन् भने 'नेपाली २०७४' संयुक्त भाषिक सिप विकासका प्रश्नहरु रहेता पनि चार भाषिक सिपगत आधारमा वर्गीकरण गरी छुट्टा छट्टै राखिएको हुँदा माथिको तालिकामा पनि सोही अनुरुप रहेको छ ।

# अध्याय पाँच : निष्कर्ष र सुझाव

कक्ष १० को नेपाली पा.पु २०६४ र २०७४ मा प्रयुक्त  अभ्यासहरुको व्याख्या र तुलनाको आधारमा निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.१ निष्कर्ष :

### ५.१.१ ‘ नेपाली २०६४ ’

(क)  ‘नेपाली २०६४’ को अभ्यासलाई विधागत रुपमा अध्ययन विष्लेशण गर्दा  ज्ञान, बोध, प्रयोग तथा उच्च तहका प्रश्नहरुको रुपमा वर्गीकरण गरेको पाइन्छ । जस मध्ये बोध तहका प्रह्नहरु बढी र ज्ञान तहका न्युन रहेको पाइन्छ ।
(ख) ‘नेपाली २०६४’ मा ज्ञान तहका प्रश्नहरुमा विशेषत शब्दार्थ रहेको छ, जसमा पारिभाषिक÷प्राविधिक शब्दहरुको प्रचुरता रहेको पाइन्छ भने पर्यायवाची तथा विपरितार्थी शब्दहरुको प्रयोग न्युन देखिन्छ ।

(ग) बोध तहका प्रश्नहरुमा मौखिक उत्तरात्मक, एक वाक्यात्मक, छोटो उत्तरात्मक तथा संक्षिप्त उत्तरात्मक प्रश्नहरु रहेका छन्, जसमध्ये मौखिक उत्तरात्मक प्रश्नहरु सबै भन्दा बढी रहेका छन् भने एक वाक्यात्मक प्रश्नहरु सबै भन्दा न्यून रहेका छन् ।

(घ) प्रयोग तहका प्रश्नहरुमा वाक्यमा प्रयोग, शुद्वोच्चारण, हिज्जे शुद्वता, प्रकृति प्रत्यय, समास विग्रह तथा गति यति लगायतका प्रश्नहरु रहेका छन्, जसमध्ये वाक्यमा प्रयोग तथा शुद्वोच्चारणको प्रचुरता रहेको पाइन्छ भने अन्यको प्रयोग न्यून पाइन्छ ।

(a) उच्च तहका प्रश्नहरुमा व्याख्या÷सप्रसa्ग व्याख्या , विवेचनात्मक , बुँदा टिपोट , सारांश लेखन तथा चिठी लेखन जस्ता प्रश्नहरु रहेका छन्, जसमध्ये व्याख्या तथा सप्रसa्ग व्याख्याको प्रचुरता रहेको पाइन्छ भने बुँदा टिपोट न्यून रहेको पाइन्छ ।

(च) भाषिक सिप विकासको दृष्टिकोणले हेर्दा सुनाइ सिप विकासमा मौन रहनुका साथै पढाइ सिप विकासलाइ पनि त्यति महत्व दिइएको पाइदैन भने लेखाइ सिप विकासका प्रश्नहरु बढी रहेको पाइन्छ । त्यसै यरी संयुक्त भाषिक सिप विकासका प्रश्ह्नहरुलाइ पनि सामान्यतया छोएको देखिन्छ ।

## ५.१.२ नेपाली २०७४

(क) 'नेपाली २०७४' को अभ्यासलाई पनि विधागत रुपमा अध्ययन विष्लेशण गर्दा ज्ञान, बोध, प्रयोग तथा उच्च तहका प्रश्नहरुको रुपमा वर्गीकरण गरेको पाइन्छ । जस मध्ये २०७४ मा पनि बोध तहका प्रह्नहरु बढी र ज्ञान तहका न्युन रहेको पाइन्छ ।

(ख) 'नेपाली २०७४' मा पनि ज्ञान तहका प्रश्नहरुमा विशेषत शब्दार्थ रहेको छ, जसमा पारिभाषिक÷प्राविधिक शब्दहरुको प्रचुरता रहेको पाइन्छ भने पर्यायवाची तथा विपरितार्थी शब्दहरुको प्रयोग न्युन देखिन्छ ।

(ग) बोध तहका प्रश्नहरुमा मौखिक उत्तरात्मक, एक वाक्यात्मक, छोटो उत्तरात्मक, >ुति लेखन,अनु लेखन तथा संक्षिप्त उत्तरात्मक प्रश्नहरु रहेका छन्, जसमध्ये छोटो उत्तरात्मक प्रश्नहरु सबै भन्दा बढी रहेका छन् भने >ुति लेखन,अनु लेखन सबै भन्दा न्यून रहेका छन् ।

(घ) प्रयोग तहका प्रश्नहरुमा पनि वाक्यमा प्रयोग, शुद्वोच्चारण, हिज्जे शुद्वता, प्रकृति प्रत्यय, समास विग्रह तथा गति यति लगायतका प्रश्नहरु रहेका छन्, जसमध्ये वाक्यमा प्रयोग तथा शुद्वोच्चारणको प्रचुरता रहेको पाइन्छ भने अन्यको प्रयोग न्यून पाइन्छ ।

(a) उच्च तहका प्रश्नहरुमा व्याख्या÷सप्रसa्ग व्याख्या , विवेचनात्मक , बुँदा टिपोट , सारांश लेखन, तार्किक तथा चिठी लेखन जस्ता प्रश्नहरु रहेका छन्, जसमध्ये तार्किक व्याख्याको प्रचुरता रहेको पाइन्छ भने निबन्ध, बुँदा टिपोट, सारांश लेखन जस्ता प्रश्नहरु न्यून रहेको पाइन्छ ।

(च) सम्पुर्ण प्रश्नहरुलाई चार भाषिक सिपगत आधारमा वर्गीकरण गरेको पाइन्छ ।

(छ) भाषिक सिप विकासको दृष्टिकोणले हेर्दा चार ओटै सिपलाई महत्व दिइएको पाइन्छ भने संयुक्त भाषिक सिप विकासका प्रश्ह्नहरुलाइ छुट्टै छोएको देखिदैन तथापि चार भषिक सिप भित्रैबाट संयुक्त भाषिक सिप विकासका प्रश्ह्नहरुको पुर्ण आभाष भने पाइन्छ ।

## ५.१.३ तुलनात्मक निष्कर्ष

(क) तुलनात्मक रुपमा 'नेपाली २०६४' मा भन्दा 'नेपाली २०७४' मा प्रश्नहरु बढी रहेका छन ।

(ख) 'नेपाली २०६४' मा प्रयोगात्मक तहका प्रश्नहरु बढी रहेका छन् भने २०७४ मा उच्च तहका बढी रहेका छन् ।

(ग) दुबै पा.पु.मा सिपगत आधारमा लेखाइ सिप विकासका प्रश्नहरुको प्रचुरता रहेको पाइन्छ , जसमा पनि २०६४ मा प्रतिशतको आधारमा बढी रहेको पाइन्छ ।

(घ) 'नेपाली २०६४' सुनाइ सिप विकासमा मौन रहेको पाइन्छ भने 'नेपाली २०७४' ले राम्रै सँग समेटेको देखिन्छ ।

(a) 'नेपाली २०६४' मा सिप विकासका सम्पुर्ण प्रश्नहरु एकै ठाउँमा रहेका छन् भने २०७४ मा अलग अलग रुपमा छुट्याइएको छ ।

(च) दुबै पा.पु.मा संयुक्त भाषिक सिपका प्रश्नहरु नछुटिएका भएता पनि आभास भने पाउन सकिन्छ ।

(छ) 'नेपाली २०६४' मा प्रश्नहरु खिचडी प्रवृतिको देखिन्छ भने २०७४ मा अलग अलग रुपमा व्यवस्थित देखिन्छ ।

(ज) 'नेपाली २०६४' मा भन्दा २०७४ मा प्रश्नहरु परिस्कृत रहेको पाइन्छ ।

(झ) विधागत रुपमा हेर्दा 'नेपाली २०६४' मा निबन्ध विधामा प्रश्नहरु बढी रहेको देखिन्छ भने २०७४ मा कथा विधामा बढी देखिन्छ ।

(ञ) 'नेपाली २०६४' मा भन्दा २०७४ मा प्रश्नहरुको बिच सन्तुलन कायम रहेको पाइन्छ ।

(ट) 'नेपाली २०६४' ले भन्दा २०७४ ले तार्किक प्रश्नहरुलाइ बढी समेट्ने प्रयास गरेको पाइन्छ । त्यसै गरी बुँदा टिपोट र सारांश लेखनमा पनि २०७४ नै अघि देखिन्छ ।

(ठ) दुवैले भाषिक सिप अन्तर्गत सुनाइ भन्दा पढाइमा , पढाइ भन्दा बोलाइमा र बोलाइ भन्दा लेखाइमा जोड दिएर अभ्यासको संयोजन गरिएको छ । तथापि २०६४ सुनाइ सिप विकासमा शुन्य रहेको छ ।

(ड) २०७४ को अनुपातमा २०६४ मा तार्किक प्रश्नहरु न्युन पाइन्छ ।

(ण दुवैमा रचनात्मक प्रश्नहरुको कमी रहेको पाइन्छ ।

(त) दुबैमा पाठ्यक्रमको उद्देश्य अनुरुप अभ्यास राखिएको पाइन्छ ।

(थ) दुबै पा. पु. विद्यार्थीको रुची र क्षमता अनुरुप नै रहेता पनि अपूर्ण रहेको पाइन्छ ।

(द) विधागत आधारमा २०७४ मा अभ्यासहरुको उपयुक्तता पाइन्छ ।

(ध) समग्रमा भाषिक सिप विकासका दृष्टिले २०७४ नै उपयुक्त रहेको पाइन्छ ।

## ५.२ सुझावहरु

(क) दुवै पा.पु.मा कठिन शब्दका अर्थहरु पाठको अन्त्यमा दिइएको हुँदा पाठ्यवस्तु बुझ्न सहज भएता पनि अभ्यासमा समेत महत्वका साथ अझ बढी शब्दहरुका साथै पर्यायवाची , विपरीतार्थी , अनेकार्थी >तिसमभिनार्थी तथा उखानटुक्काहरुलाइ समेत बढी मात्रमा समेटेर विविधता अपनाउनु उपयुक्त देखिन्छ ।

(ख) खोजी गर्ने बानीको विकास गराउने गरी अभ्यासमा शब्दहरु चयन गरी राख्दा उपयुक्त देखिन्छ ।

(ग) २०६४ मा भाषिक सिप विकासका प्रश्नहरु अलग अलग राखिएको भए उपयुक्त हुन्थ्यो ।

(घ) २०७४ मा प्रश्नहरु भाषिक सिपगत रुपमा विभाजित भएको भएता पनि प्रश्नहरुको सरलता देखि जटिलताको कम भa्ग भएको हुदा सोमा सुधार गर्नु उपयुक्त देखिन्छ ।

(a) २०६४ मा सुनाइ सिप विकासका प्रश्नहरु राख्न आवश्यक देखिन्छ भने २०७४ मा पनि सन्तुलन कायम राख्न आवश्यक देखिन्छ ।

(च) दुवै पा.पु.मा ज्ञान, बोध, प्रयोग तथा उच्च तहका प्रश्नहरुमा सन्तुलन मिलाउन आवश्यक देखिन्छ ।

(छ) २०७४ मा पाठगत रुपमा एकै किसिमका प्रश्नहरु दोहोरिएका हुँदा (जस्तै— एउटै पाठमा पढाइ सिप विकासमा पनि बुँदा टिपोट लेखाइमा पनि बुँदा टिपोट) सोको ठाउँमा अन्य प्रवृतिका प्रश्नहरु राख्दा उपयुक्त हुन्थ्यो ।

(ज) २०७४ को अनुपातमा २०६४ मा पनि तार्किक प्रश्नहरुलाई महत्व दिएको भए विद्यार्थीहरुमा तार्किक शिल्पको विकास हुन्थ्यो ।

(झ) दुवैमा रचनात्मक प्रश्नहरुको सङ्ख्या वृ4 गर्न उपसुक्त देखिन्छ ।

(ञ) दुवैमा ज्ञान तहका प्रश्नहरु बढाउन आवश्यक देखिन्छ ।

ट) नेपाली भाषा पा.पु. २०७४  नेभा. पा.पु. २०६४ भण्दा परिस्कृत र परिमार्जि भएता पनि संयुक्त भाषिक सिप विकासका प्रश्नहरु पनि अलग्ग राखिएको भए उपयुक्त हुन्थ्यो ।

## ५.३ उपयोगिता

यस तुलनात्मक अध्ययनमा  अभ्यासहरूको तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालिएको छ । निष्कर्षकै माध्यमबाट  अभ्यासहरूको सबल र दुर्बल पक्षको उजागर गरी सुझाव समेत प्रस्तुत गरिएको छ । यस अध्ययनको शैक्षणिक उपयोगिता निम्नानुसार रहेको छ :

क. दुई समानान्तर पाठ्यपुस्तकमा समाविष्ट  अभ्यासको विविध कोणबाट विश्लेषण गरिएकाले प्राप्त निष्कर्ष र सुझावलाई मध्यनजर गर्दै  अभ्यासको छनोट र स्तरणमा आवश्यक सुधार गर्न सजिलो हुन्छ ।

ख. प्रस्तुत अध्ययनले कक्षा १० को **नेपाली २०६४** र **नेपाली २०७४** प्रयुक्त नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षको बारेमा जान्न चाहनेहरूका लागि सहयोग पुऱ्याउँछ ।

ग. दुबै पाठ्यपुस्तकमा केकस्ता  अभ्यासहरू कसरी समावेश गरिएका छन् भनी बुझ्न चाहनेका लागि आधार सामग्री बन्न सक्दछ ।

घ. दुबै पाठ्यपुस्तकबीच रहेका  अभ्यासको वितरण, स्तरण, र सन्तुलनजस्ता पक्षलाई ध्यान दिई सुधारका लागि थप बल पुऱ्याउँछ ।

ङ. अभ्यास सम्बन्धी अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूका लागि अध्ययन सामग्री बन्न पुग्ने देखिन्छ ।

च. पाठ्यपुस्तक लेखक, शिक्षक, शिक्षक निर्देशिका निर्माता र सरोकारवालाहरूलाई सम्बन्धित क्षेत्रका त्रुटि हटाउन सहयोग पुऱ्याउँछ ।

छ. प्रश्नपत्र निर्माणकर्ता एवम् विद्यार्थीलाई समेत  अभ्यासको पहिचान गर्न सहयोग पुग्दछ ।

ज. पाठ्यक्रमको उद्देश्यअनुरूप  अभ्यासहरू छनोट र स्तरण गरी पाठ्यपुस्तकमा सुधार गर्न सहयोग पुग्दछ ।

झ. अभ्यासमा रहेका प्रश्नहरूको वितरणमा देखा परेका असन्तुलनलाई सन्तुलित बनाउन सुझाव प्रदान गर्दछ ।

ञ. पाठ्यपुस्तकमा रहेको  अभ्यासहरूलाई समयसापेक्ष रूपमा स्तरयुक्त बनाउन पाठ्यपुस्तक परिमार्जनकर्तालाई आवश्यक सहयोग पुग्दछ ।

ट. अभ्यासमा रहेका त्रूटिहरूलाई सच्याएर विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कनमा सुधार ल्याउन मद्दत गर्दछ ।

ठ. दुबै पाठ्यपुस्तकमा रहेका अभ्यासहरूको प्रभावकारिता र सान्दर्भिकता पहिल्याउन समेत मद्दत पुग्ने देखिन्छ ।

## ५.३.१ नीतिगत तह

यस अबनुसन्धानले भाषिक नीति निर्धारणका क्रममा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । सवप्रथम त यसले पाठ्यक्रम विद तथा पा.पु.लेखकहरुलाई विद्यार्थीको रुची , क्षमता तथा सामाजिक आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण तथा पा.पु. लेखनमा सहयोग पुर्‍याउछ । त्यसै गरी अनुसन्धानले पत्ता लगाएका त्रुटिहरु सच्याउन सेतुको काम गर्छ । नेपाली पा. पु. २०६४ मा समावेश अभ्यासले सुनाइ सिप विकासका प्रश्नहरुलाई छोएकै छैन भने बोलाइ र पढाइलाइ पनि कम महत्व दिएको परिप्रेक्ष्यमा २०७४ ले धेरै हद सम्म समेटेको भएता पनि प्रश्नहरु बिचको सन्तुलन कायम राख्न तथा प्रश्नहरुलाइ परिमार्जन गर्ने सन्दर्भमा यसले महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । त्यसै गरी ज्ञान, बोध, प्रयोग तथा उच्च दक्षताका प्रश्नहरुबिच सन्तुलन कायम राखी प्रश्न निर्माण गर्ने कार्यमा यसले सहयोग पुर्‍याउछ । एकातिर यसले व्यावहारिक प्रश्न निर्माणमा सचेत तुल्याउछ भने अर्कातर्फ शैक्षिक नीति निर्धारणमा समेत भाषाको महत्वलाइ उजागर गर्छ ।

## ५.३.२ कार्यान्वयन तह

भाषा शिक्षणको मुख्य उद्‌देश्य भनेकै चार भषिक सिप हासिल गर्नु भएको हुदा पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा चार ओटै सिपलाइ समान महत्वका साथ समावेश गरिएको छ वा छैन भन्ने विषयलाइ यस अनुसन्धानले महत्वका साथ उजागर गर्दछ । नेपाली २०६४ मा देखिएका भाषिक सिप विकाससँग सम्बन्धित प्रश्नहरुमा देखिएका कम्जोरीहरु पुनः नदोहोरियोस भन्नेतर्फ यसले सचेत तुल्याउछ । त्यसैगरी विधागतरुपमा राखिएका प्रश्नहरुमा पनि समानता रहनुपर्ने तर्फ ध्यनाकर्षण गराउदै शब्दकोष प्रयोगमा पनि विविधता आउनुपर्छ भन्नेतर्फ जोड गर्दछ । यस अनुसन्धानले भाषाको व्यावहारिक प्रयोगलाई महत्वका साथ उजागर गरेको हुदा व्यावहारिक पक्षमा उर्जा थपिनुका साथै सम्पादकीय पक्षमा पनि यसले सहयोगि भुमिका निर्वाह गर्छ । यस शोधको शैक्षणिक प्रयोजन कक्षा १० नेपाली २०६४ र नेपाली २०७४ भित्र रहेका अभ्यासहरूको सबल र दुर्बल पक्ष केलाउँदै भाषा पाठ्यपुस्तक लेखक, शिक्षक, शिक्षक निर्देशिका निर्माता र सरोकारवालाहरूलाई त्रुटि निवारण गर्न सहयोग पुऱ्याउनु रहेको छ ।

# सन्दर्भ सामग्री

ढुᆿगाना , इन्द्रमणि (२०६६) , हाम्रो नेपाली किताब र नेपाली कक्षा ८ भित्र समाविष्ट अभ्यासको तुलनात्मक अध्ययन, स्नाकोत्तर शोधपत्र , सुकुना बहुमुखी क्याम्पस

दहाल, विष्णु (२०७२), हाम्रो नेपाली किताब र नेपाली कक्षा ७ भित्र समाविष्ट अभ्यासको तुलनात्मक अध्ययन , स्नाकोत्तर शोधपत्र , जनता बहुमुखी क्याम्पस ,

भण्डारी , रुक्मिणी (२०७४) , नेपाली भाषा पाठ्यपुस्तक २०६४ र २०७४ कक्षा ९ भित्र समाविष्ट अभ्यासहरुको तुलनात्मक अध्ययन , स्नाकोत्तर शोधपत्र , सुकुना बहुमुखी क्याम्पस ,

अधिकारी, कोमल (२०६६), कक्षा १० को नपाली भाषा पाठ्यपुस्तकमा शमाविष्ट अभ्यासहरुको अध्ययन, स्नाकोत्तर शोधपत्र , सुकुना बहुमुखी क्याम्पस ,

अधिकारी, सबिता (२०६५), मेरो नेपाली किताब कक्षा ३ (२०६९), मा प्रयुक्त अभ्यासको विश्लेषणात्मक अध्ययन , स्नातकोत्तर शोधपत्र , त्रि.वि किर्तिपुर ,

चापागाईं, नरेन्द्र (२०६९), भाषिक अनुसन्धान विधि, अन्वेषण प्रकाशन समिति इतिहाँस तथा सँस्कृति विभाग स्नातकोत्तर क्याम्पस, विराटनगर,

अधिकारी, हेमाङ्गराज (२०५३), नेपाली भाषाशिक्षण, काठमाडौं, कुञ्जल प्रकाशन,

भण्डारी, पारसमणि र अन्य (२०६८), भाषिक अनुसन्धान विधि, पिकनाल पब्लिकेसन, काठमाण्डौं,

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), 'नेपाली भाषा तथा साहित्य शिक्षण' कीर्तिपुरः न्यु हिरा बुक्स एण्ड इन्टरप्राइजेज ।

# परिशिष्ट

कक्षा—१०　　　　　　　　　　　　　　　　　पूर्णाङ्क—%)

;do—! 3=#) ld=　　　　　　　　　　　　　　ljifo—g]kfnL

**!=** **समूह 'क'मा दिइएका शब्दहरुको अर्थ समूह 'ख'बाट पहिचान गरी जोडा मिलाउनुहोस् ।**

(२)

| समूह 'क' | समूह 'ख' |
|---|---|
| दृढ | दुःख |
| सलिल | पानी |
| क्लेश | बलियो |
| तारान्तर | खुलासा |
| | लगातार |

**२. कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् ।** (२)

(क) 'जननी' को पर्यायवाची शब्द ...................हो । ( आमा, दिदी, बहिनी )

(ख) ................अनेकार्थी शब्द हो । ( अत्तर, उत्तर, मन्तर )

(ग) पक्षको विपरीतार्थी शब्द ..................हो । ( प्रत्यक्ष, सापेक्ष, विपक्ष )

(घ) ....................श्रुतिसमभिन्नार्थी शब्द हुन् । ( कान-काम, विष-विस, सानो-मानो )

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।** (१)

नजान्ने गाउँको बाटो नसोध्नु , शल्यक्रिया

४ (क) **तलका शब्द समूहबाट शुå शब्द चिनेर लेख्नुहोस् ।** (१)

(अ) पन्चशील , पंचशील , पञ्चशील , पञ्चशिल

(आ) वातावरण , बातावरण , वाताबरण , वातावरन

(ख) **तलको वाक्यलाइ शुå पारी लेख्नुहोस् ।** (१)

लक्ष्मणले भने, लडाइमा जीतेको भुभाग जित्नेको नै हुन्छ ।

**५. रेखाङ्कित शब्दहरुको पदवर्ग छुट्याउनुहोस् । (१.५)**

हामी साथीहरुसँग घुम्न इलाम गयौ अनि त्यहाको सुन्दर चियाबगान देखेर मख्ख पर्‍यौं ।

**६.(क) तलका उपसर्ग र प्रत्यय लगाई एक एक ओटा शब्द बनाउनुहोस् । (२)**

**उपसर्ग :** प्रति , अधि

**प्रत्यय :** तव्य , ए

**(ख) तलका शब्दहरुको समास वा विग्रह गर्नुहोस् । (१)**

आन्द्रामा पानी भरिएको छ जसको , ठुल्यामा

**७. कोष्ठकमा दिइएका धातु र संकेतका आधारमा खाली ठाउँ भरी वाक्य पुरा गर्नुहोस् । (२)**

**(क)** म सानामा मेला भर्न ......................। ( जाः अभ्यस्त भूत )

**(ख)** हामी सफल .................................। ( बन्ः इच्छार्थ )

**(ग)** तपाईं समाजसेवामा ........................। ( लाग्ः सामान्य भविष्यत )

**(घ)** अब त जाडो .................................। ( घट्ः सम्भावनार्थ )

**८. कोष्ठकमा दिइएका निर्देशन अनुसार वाक्य परिवर्तन गर्नुहोस् । (२)**

**(क)** ऊ नाच्न गई । ( पुलिङ्ग ) **(ख)** मैले कलमहरु किने । ( कर्मवाच्य )

**(ग)** भाइ पढ्छ । ( प्रेरणार्थक ) **(घ)** मह काढ्नेले हात चाट्छ । ( मि> वाक्य )

**९. तीन ओटा फरक फरक अज्ञातभूत कालका कियापद प्रयोग गरी तीन वाक्मा आÇनो साथीको बारेमा वर्णन गर्नुहोस् । (१.५)**

**१०.दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् । (२.५)**

पेरिसमा रहदा क्लाराको जीवन निकै कष्टकर भयो । उनी र उनका प्रेमी दुवैलाई क्षयरोगले समात्यो । दैनिक जीवा धान्न धौ धौ भयो । यसै बिचमा बच्चाहरु जन्मिए । यस्ता सबै अKठ्याराहरुका बिचमा पनि क्लाराले श्रमिक र महिलाहरुको हक अधिकारको बारेमा काम गर्न छोडिनन् । क्षयरोगले ग्रसित भएकै बेला उनी जर्मनी आइन् र त्यहा भएको एउटा सार्वजनिक सभामा सार्वजनिक भाषण गरिन् । उपचार र आत्मबलको कारण उनको क्षयरोग निको भयो ।

(क) रेखाङ्कित सब्दहरुको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ख) अनुच्छेदमा प्रयुक्त 'अप्ठ्यारा' र 'हक' शब्दको पर्यायवाची शब्द लेख्नुहोस् ।

(ग) क्लाराको दैनिकी कस्तो थियो <

(घ) यहाँ क्लारा चरित्र कस्तो देखिन्छ ?

**११.तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।** (२.५)

समाज गतिशील छ । विश्व परिवर्तनशील छ । हरेक व्यक्ति सुनौलो भविष्यको खोजीमा लागेको हुन्छ । शोषण, अत्याचार र विभेद नहोस भन्ने चाहना अधिर्कांश मानिसको हुन्छ तर पनि समाजमा त्यो स्थिति हुन सकेकको छैन । गरीबी, अशिक्षा, अभाव र भोकमरीले आज पनि ठुलो जनसङ्ख्या पीडित छ । देशभित्र उपलब्ध साधन र श्रोतको न्यायपूर्ण वितरण र संभावनाहरुको उचित प्रयोग गर्न सकेमा केहि हद सम्म भए पनि गरीबी, अशिक्षा र अभावबाट मानिसहरुले मुक्ति पाउछन् । यसबाट मानिसले बन्धन र दासतामुक्त संसारमा स्वतन्त्रतापूर्वक बाच्न पाउने अधिकार उपयोग गर्न सक्छन् । देशका आदिवासी समुदायको अधिकारलाइ संरक्षण गरी सो को लक्षित कार्यक्रमहरु संचालन गर्नु राज्यको कर्तव्य हो । भविष्यका कर्णधारका रुपमा रहेका बालबालिकाहरुको सुनिश्चित भविष्यको भविष्यको लागि उनीहरुको अधिकार संरक्षण गर्नु राज्य तथा हामी सबैको दायित्व हो । आफ्ना नागरिकहरुको कल्याणको लागि राज्यले गैर सरकारी सङ्घ—संस्था तथा नागरिक समाजसँग समन्वय गरी मानव अधिकारको संरक्षण गर्नुपर्दछ ।

**प्रश्नहरु**

(क) व्यक्ति के को खोजीमा लागेको हन्छ ?

(ख) हाम्रो देशको जनसङ्ख्या कुन कारणले पीडित छ ?

(ग) राज्यको कर्तव्य के हो ?

(घ) के गर्न सकेमा मानिसहरुले गरीबी, अशिक्षा र अभावबाट मुक्ति पाउन सक्छन् ?

(ङ) मानव अधिकारको संरक्षण कसरी गर्नु उचित हुन्छ ?

**१२. तलको अनुच्छेद राम्ररी पढी चार ओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सारांश लेख्नुहोस् ।** (२.५)

नेपालमा मधेश , पहाड र हिमालमा अलग अलग संस्कृति छन् र ति सबै मिलेर नेपाली राष्ट्रिय संस्कृति निर्माण भएको छ । हामीलाई थाह छ मधेशममा मिथिला , भाजपुर , अवध आदि संस्कृतिहरु छन् । थारुहरुको आफ्नै सांस्कृतिक पहिचान छ । पूर्वी तराईमा रहेका सतार, मेचे, दनुवार, धिमाल तथा राजवंशीहरुको आफ्नै संस्कृतिका मौलिकता छन् । त्यसरी नै नेपालका मुस्लिमहरुको आफ्नै संस्कृति छ । पहाडमा तामाङ्ग, मगर, राई, लिम्बू आदिको आफ्नै सांस्कृतिक पहिचान छन् । हिमाली क्षेत्रमा शेर्पा लगायत विभिन्न जातिका आफ्नै प्रकारका संस्कृति छन् ।यसरी देशका सबै धर्म, जाति, भाषा अदिको योगले नेपाली संस्कृतिको साझा रुप तयार भएको छ । हो, विविधता नै नेपाली संस्कृतिको मूल पहिचान हो । देउडा, लाखे, गौरा, सेलो, सङ्गिनी, हाकपारे देउसी, भैलो आदिको समष्टि नै नेपाली संस्कृति हो ।

**१३. तलका कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् ।** (२)

**(क) तल दिइएका बुँदाहरुको आधारमा कथा तयार पारी उपयुक्त शीर्षक पनि दिनुहोस् ।**

धनजीते र गुमाने दुई छिमेकी हुनु...............वर्षायाममा किसानलाई खेतीपातीको चटारो हुनु................धनजीतेको धानको बिउ गुमानेको गोरुले खाइदिनु.................धनजीतेले गोरुलाई पिट्नु....................दुबैको बिचमा भनाभन र कुटाकुट हुनु.............धर्मानन्द पाध्येले गुमानेलाई उक्साउनु................गाउँलेले हात हालेका दुबैलाई छुट्याउनु............दुबैबिच बोलीचाली र व्यवहार बन्द हुनु....................केही समय पछि गाउँमा आँठे रोग फैलनु.....................धनजीते र उसकी श्रीमती बिरामी हुनु..................सहयोग आवश्यक पर्नु.............गुमानेको मन पग्लनु.............उसले धनजीतेको तनमनले सेवा गर्नु................सन्चो भएपछि धनजीतले पश्चाताप गर्नु................गुमानेसँग माफी माग्नु..............दुबैमा फेरि मल हुनु................सानोतिनो झगडा भए पनि छिमेकी मिलेर बस्नु पर्ने सन्देस ।

**(ख) जिल्लास्तरीय निबन्ध लेखन प्रतियोगितामा आफु प्रथम हुँदा आफ्नाने मनमा उठेका भावहरु समेटी एउटा मनोवाद तयार पार्नुहोस् ।**

**(१४) कुनै एक उåरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् ।** (२)

**(क)** नआओस् आत्तिने दुःख मात्तिने धन सम्पति

यतिले राम्ररी चल्छ सारा जीवनको गति ।

**(ख)** उस्तै र उत्रै भए पनि प्रत्येक भुँडीको बेग्लै वआयतन हुन्छ र नैवेद्य ग्रहणका तरिकाहरु पनि विभिन्न किसिमका हुन्छन् ।

**(१५) तलका कुनै दुई प्रश्नको उत्तर दिनुहोस् ।** (२`२)

**(क) तलको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दनुहोस् ।**

भोलि भयो । जुवा फुक्यो । चारैतिर ताजगी थियो । बजारमा ठेलमठेल मान्टेहरु थिए ।पसलेलाई बेच्न फुर्सद थिएन । हिड्ने मान्छेहरु कहा खाली थिए र ! कसैको हातमा खानेकुराको पोको, कसैको हातमा फलफुल, कसैको हातमा रुपैया पैसाको लक्कु, कोही मोलतोल गर्नमा असिम आनन्दमा थिए ।

लाल बिहानदेखि नै बजार घुमिरहेको थियो । कहिले जुवा हेर्दथ्यो, जितौरी पाएने आशा थियो । अहो, कति कति रुपैयाँ । अहो, हलुवाई पसल पनि कति । फेरि कति मिठाइको थुप्रो, कति किसिमको । लालले बिचार गर्‍यो," कसले खाने होला, यति जम्मै सिद्धिएला ?"

**प्रश्नहरु**

(अ) किन मानिसहरु असिम आनन्दमा थिए ?

(आ) यहाँ बालमनोदशाको चित्रण कसरी गरिएको छ ?

**(ख) तलको कवितांश पढी अन्तयमा सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

सडक हुँ बाढीमा डुब्न सक्छु
सडक हुँ पहिरोले पुरिन सक्छु ।
माटो ढुङ्गा पन्छाए
पानीको भेल तह लगाए
फेरी देखिन सक्छु ।
जोडिएर फेरि चालु हुन सक्छु ।
सडक हुँ, डराउदिन ।
सडक हुँ, कहिल्यै भाचिन्न ।
मसँग यति नै अपेक्षा राख ।

**प्रश्नहरु**

(अ) सडकले भोग्नु परेका समस्याहरु के के हुन् ?

(आ) यस कवितांशको मूल भाव के हो ?

**(ग) तल दिइएको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

थाङ्का कलाको उत्कृष्ट रुप त हुदै हो साथसाथै यो सुन्दर प्रविधि पनि हो । यसका लागि सर्वप्रथम सरेस बनाइन्छ । सरेस भनेको जनावरको छालापानीमा उमालेर बनाइएको चिप्लो बाक्लो झोल हो ।त्यसपछि सरेसमा कमेरो माटो हालेर पकाइन्छ र एक प्रकारको गम जस्तो माड तयार पारिन्छ । त्यो माडलाई फ्रेममा तन्काइएको सेतो कटन व ा सिल्क कपडामा दलिन्छ र सुकाइन्छ । यसरी बनाइएको कपडालाई तन्काएर तीन चार पटकसम्म चिपलो ढुङ्गा वा शङ्खले घोटिन्छ ।यसो गर्दा कपडा चिप्लो हुन्छ र चित्र कोर्न याग्य बन्छ ।

**प्रश्नहरु**

(अ) थाङ्काको विशेषताहरु के के हुन् ?

(**आ**) थाङ्का चित्र बनाउनका लागि के कस्तो पूर्व तयारी आवश्यक छ ?

**१६. बढी रुपैयाँ पाइन्छ भनेर कमानसिंह विदेश पस्नु ठीक हो ? 'टीका' एकाङ्कीको आधारमा आफ्नो प्रतिकिया लेखनुहोस् ।** (२)

**१७. कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् ।** (४)

(क) **'प्रत्यागमन' कथाको तलको अंश पढी साधिएको प्रश्नको उत्तर दिनुहोस् ।**

केही बेरपछि मोटर निर्मलको ढोकामा वुगेर उभियो । रामु लुगाको पोको झुन्ड्याएर तलामा उक्ले । खोपामा टुकीको धमिलो बत्ती बलिरहेको थियो । निर्मल, हरि र बसुधा मैला लुगा लगाएर खाटमुनिको सुकुलमा बसेर तरकारीसँग चिउरा फाक्न लागेका थिए । निर्मल अत्यन्त दुब्ला, दारी पालेका, हरि र बसुधा पनि ओइलाएका फूलजस्ता कान्तिहीन, घर एकदम श्रीहीन थियो । यी सबै दृश्य देखेर रामुको गहभरी आँसु भयो । मनमनमा भने, " शिव ! शिव ! मैले आफ्ना परिवारको कति ठुलो अनिष्ट गरेँ । परमेश्वर, म कृतघ्न हुँ । मेरो पौरखलाई धिक्कार छ । "

**प्रश्नः** रामु के कस्ता परिस्थितिका कारण पुनः घर फर्किएका हुन् ? कथाको आधारमा स्पष्ट पार्नुहोस् ।

(ख) **दिइएको कवितांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।**

पृथ्वी फल्लिन् सलिल—कलिली धानले छोपिएर
गाई रोप्लान् चपल वयसी, दृक—बिजुली लिएर ।
बाली राम्रो, तृण अति हरा, वर्ष राम्रो कबुली
पारावारा प्रभु हृदयको फुट्छ सङ्गीत केली ॥

**प्रश्नः** क साच्चिकै वर्षाबाट मानिसहरु खुशी हुन्छन् ? कवितांश समेतको आधारमा स्पष्ट पार्नुहोस् ।

**(१८) तलको कुनै एक शीर्षकमा कम्तिमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।** (४)

(क) मेरो कल्पनाको नेपाल

(ख) जेष्ठ नागरिकहरुप्रति हाम्रो भूमिका

(ग) सामाजिक सञ्जालको महत्व

समाप्त